# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ चैत्र २०८१

# सोमवार

# बैठक सङ्ख्या- २०

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१६ बजे प्रारम्भ भयो ।

(१२:१६ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू आजको बैठकमा शून्य समय र विशेष समय नरहने ब्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, सर्वप्रथम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको छ। अब, उहाँलाई समय उपलब्ध गराउँछु।

(१२:१६ बजे) <u>सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीः</u>- सम्माननीय अध्यक्षज्यू, म भोलि मित्रराष्ट्र थाइल्याण्डमा, थाइल्याण्ड सरकारको निमन्त्रणामा भोलिबाट औपचारिक भ्रमणको लागि त्यता प्रस्थान गर्दैछु। कूटनीतिक सम्बन्ध स्थापना भएको ६५ वर्षसम्म एकपटक धेरैअघि थाइल्याण्डका प्रधानमन्त्रीज्यूको नेपाल भ्रमण भएको रहेछ। तर हाम्रो तर्फबाट यी ६५ वर्षहरूमा एउटा पनि औपचारिक भ्रमण भएको रहेनछ। त्यसकारण यसपटक औपचारिक भ्रमणको लागि म थाइल्याण्ड जाँदैछु। हाम्रो हामी नेपालीहरूको निकट छिमेकी बाहेकका देशहरूको भ्रमणमा गेटवेको रुपमा रहेको बैंककमा अहिलेसम्म औपचारिक भ्रमण नभएको सन्दर्भमा यो भ्रमण

आफैमा अर्थपूर्ण छ, महत्वपूर्ण छ भन्ने म ठान्दछु। १९ गते अर्थात् अप्रिल १ का दिन भोलि मेरो भ्रमण टोली बैंककतर्फ प्रस्थान गर्नेछ। २० गते हाम्रो औपचारिक भ्रमण सुरु हुन्छ। र भ्रमणको क्रममा महामहिम प्रधानमन्त्रीसँग, थाइल्याण्डका प्रधानमन्त्रीसँग दुईपक्षीय वार्ता हुन्छ। यसपटक पर्यटन र संस्कृतिको सन्दर्भमा दुईवटा समझदारी पत्रमा हस्ताक्षर पनि हुन्छ। दुई प्रधानमन्त्रीको उपस्थितिमा गैरसरकारी क्षेत्रबीच ६ वटा समझदारी पत्रमा हस्ताक्षर हुनेछ। दुई पक्षीय वार्तापछि थाइल्याण्डका प्रधानमन्त्रीसँगै मैले संयुक्त प्रेस ब्रिफिङमा भाग लिनेछु। थाइल्याण्डका नरेशसँगको भेटपछि एक दिने औपचारिक भ्रमण समाप्त हुनेछ। र एउटा औपचारिक भ्रमण आदानप्रदानको नयाँ सुरुवात हो। हाम्रो तर्फबाट त यो बिल्कुलै सुरुवात हो। २१ गते अर्थात् ३ अप्रिलका दिन बिहान थाइल्याण्डका प्रतिष्ठित व्यवसायीहरूसँग मेरो भेटघाट र छलफल हुनेछ। दिउँसो एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा मैले सम्बोधन गर्नेछु। साँझ हुने बिमस्टेक शिखर सम्मेलनका नेताहरूलाई दिइने औपचारिक डिनरमा सहभागी भइनेछ। समयको चाप छ अधिकांश सदस्य देशका नेताहरू २१ गते मात्र बैंकक आइपुग्ने तालिका छ। तर पनि शिखर सम्मेलन लगत्तै बाँकी मुलुकका नेताहरूसँग सम्भव भएसम्म साइडलाइन वार्ताको योजना गरिएको छ। २२ गते हामी बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुनेछौं। बिहान मेरिटाइम ट्रान्सपोर्ट कोअपरेसन एग्रिमेन्टमा हुने हस्ताक्षर समारोहमा सहभागी हुनेछु।र दिउँसो शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। साँझ दूतावासमा हुने कार्यक्रमसँगै हाम्रो भ्रमणका कार्यक्रम सकिनेछन्। २३ गते हामी स्वदेश फर्किने छौं।

अध्यक्ष महोदय, गत चैत १५ गते दुईवटा राजनीतिक कार्यक्रमहरूबारे प्रशासनलाई जानकारी गराइएको थियो। दुवै कार्यक्रम शान्तिपूर्ण र संवैधानिक दायराभित्रको हुने भनिएको थियो। शान्ति सुव्यवस्था कायम राख्दै विरोध आलोचनाको संवैधानिक अधिकार सुनिश्चित गर्न सरकारले हुनसक्ने अवाञ्छित घटनाप्रति आयोजकहरूलाई सचेत गराएको थियो। यस सम्मानित सदनमा राम्रो उपस्थिति रहेका दलहरूको मूल नेतृत्वमा समाजवादी मोर्चाले काठमाडौंको प्रदर्शनी मार्गमा भव्य सभा गर्‍यो। आफ्नो धारणा सार्वजनिक गर्‍यो सरकारलाई खबरदारी गर्‍यो। संविधान र व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता जनायो। शालिन जुलुस सहित भएको त्यस कार्यक्रममा कार्यक्रमका आयोजकहरूलाई धन्यवाद ज्ञापन गर्दछु। हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने विधि यस्तै हो भन्ने पनि म ठान्छु। काठमाडौंको तीनकुनेमा अर्को सभाको लागि स्थान दिइएको थियो। त्यस कार्यक्रममा आयोजक को हुन् भन्नेमा केही आशंका र द्विविधा समेत थियो। को हो,को हो? जस्तो जो आजको घरै बस्छ बाहिर निस्किदैन। उचालेका, तिखारेका मान्छेहरू सडकमा देखिन्छन् त्यस्तो अवस्था थियो। त्यस कार्यक्रमका उद्देश्य जे

बताइँदै थियो त्यसमाथि नै आशंकाका आधार थिए। द्विविधा यस अर्थमा थियो। त्यसका आयोजकमध्ये केही नाम संसदमा उपस्थित भएकै दलका नेताहरूको पनि थियो। तर तीनकुनेका आयोजकहरूले पहिले प्रशासनलाई जानकारी गराए अनुसार सभा गरेनन्। उत्तेजक प्रदर्शन र अराजनीतिक नारासहित भिड सलबलाउन थाल्यो। सभा वा मन्तव्य होइन। प्रदर्शनको कथित जनकमाण्डर आफैंले हाँकेको गाडी प्रहरीमाथि नै चढाउने गरी निषेधित क्षेत्र तोड्न दौडाइयो। भिड नियन्त्रण गर्न प्रशासनले गरेको प्रयासका विरुद्ध प्रहरीको बन्दुक खोस्ने, गुण्डागर्दी र कुटपिट गर्ने, प्रहरीमाथि ढुङ्गामुढा गर्ने, आक्रमण गर्ने, लुटपाट गर्ने र आगजनी गर्ने जस्ता वारदातहरू सुरु गरियो। हुँदाहुँदा निजी व्यक्तिको घर, सार्वजनिक भवन, सञ्चार गृह, पार्टी कार्यालय, औषधि कारखाना र सवारीका साधन माथि ढुंगामुढा गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने, र डिपार्टमेन्टल स्टोरहरू लुटपाट गर्ने तोडफोड गर्ने लुटपाट गर्ने जस्ता आपराधिक घटनाहरू सुरु गरियो। निजी व्यक्तिको घरमा आग्जनी मात्रै गरिएन मानिसलाई भित्रै थुनेर बाहिरबाट ताला लगाई जिउँदै डढाउने हिंश्रक आततायी कार्य भयो। अन्तर्राष्ट्रिय विमानस्थलमा आगजनी गर्ने र प्रज्ज्वलनशील पदार्थमा आगो लगाई विस्फोट गराउने आतंककारी काम समेत त्यस्ता प्रयासहरू प्रहरीका सवारी साधन मात्रै होइन आगो निभाउन गएका दमकल माथि समेत आक्रमण गरियो। यी सबै निन्दनीय र खेदजनक कार्य हुन्। यस्ता घटनामा संलग्नहरूमाथि जोसुकै हुन्। जुनसुकै कभरमा किन नहुन् कडा प्रशासनिक कारबाही हुन्छ। घटनाको विस्तृत विवरण उपयुक्त समयमा गृहमन्त्रीज्यूले राख्नु नै हुनेछ सदन समक्ष। घटनामा संलग्नहरूमाथि छानबिन सुरु भएको छ यसका योजनाकार कुन र को को संलग्न छन् सरकारले यस सन्दर्भमा निष्पक्ष र निर्भिक छानबिन र अनुसन्धान गरिरहेको छ। यस घटनाको पृष्ठभूमिमा करिव १ वर्षदेखिको घटनालाई अध्ययन गर्नु आवश्यक छ। सरकार व्यवस्था र संविधानप्रति अनास्था, घृणा र भ्रम फैलाउन एउटा तत्त्व त्यसैबेलादेखि क्रियाशील थियो। मौका खोजिरहेको थियो। धर्म, संस्कृति, परम्परा जस्ता संवेदनशील विषयमा अनावश्यक टिप्पणी गरी साम्प्रदायिक सद्भाव बिथोल्ने र खास समुदायमाथि आक्रमणमा उक्साउने काम गर्दै आएको थियो। ऋण तिर्न पर्दैन भन्दै ऋणीहरूको भावनात्मक संवेदनामाथि खेल्ने र बैंक वित्तीय संस्था ध्वस्त पार्ने खेतीमा त्यो तत्त्व सक्रिय थियो। यसैबीच पूर्व राजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते आफू अघि बढ्ने र साथ देउ भन्दै वक्तव्यबाजी गर्नुभयो। त्यसको लगत्तै ठाउँ ठाउँमा स्वागत कार्यक्रम राख्दै जनमत भड्काउने काम सुरु गरियो। फागुन २५ गते गथित स्वागत सवारी आयोजना गरियो। र चैत १४ गते समाज बिथोल्न लागि परेका एकजना अवाञ्चित व्यक्तिलाई आफ्नै निवासमा डाकेर कथित जनकमाण्डर तोक्नुभयो र हिंसात्मक वारदातका लागि खटाउनुभयो। प्रारम्भिक अध्ययनमा यी सबै घटनाले स्पष्ट पार्छ पूर्व राजा ज्ञानेन्द्र शाहले संविधान सभाको ऐतिहासिक निर्णयपछि भएको

सम्झौताको उल्लंघन गर्नुभएको छ। त्यतिखेर नागरिकको हैसियतमा शान्त जीवन बिताउने नागरिकको कानुनी र संवैधानिक अधिकार प्रयोग गरी व्यापार व्यवसाय सञ्चालन गर्ने, पूर्व राष्ट्र प्रमुखको हैसियतमा सरकारले सुरक्षाको प्रबन्ध गर्ने र उहाँलाई नागार्जुन दरबार प्रयोग गर्न र उहाँको मातालाई प्रयोग गरिरहेको नारायणहिटी दरबार परिसरको भवन प्रयोग गर्न दिने सहमति भएको हो। हाल राष्ट्रिय सभाका माननीय सदस्य एवं तत्कालीन गृहमन्त्री श्रीकृष्णप्रसाद सिटौलाले सरकारको तर्फबाट संवाद व्यवस्थापन गर्नुभएको थियो। आपराधिक घटनामा संलग्न कसैले पनि उन्मुक्ति पाउँदैन पाउनुहुन्न यसमा पूर्व राजा शाहले पनि उन्मुक्ति पाउनुहुन्न। फेरि फेरि राजा बन्छु व्यवस्था मास्छु भन्नेले यी सबै श्रृङ्खलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नुपर्दैन? मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमाण्डर, इतिहासको कुनामा फ्याँकेका व्यक्ति, अभियानका संयोजक धनजनको क्षति र लुटपाट शासक बन्ने मनसुवा बोक्ने व्यक्ति सिरकभित्र चुपचाप कसरी बस्न सक्छ। यी सबै घटनाको मूल जिम्मेवार उहाँ हो। ज्ञानेन्द्र शाह उहाँले लिनुपर्छ। बाँकी छानबिन र कारबाहीको सिलसिला अघि बढिरहेको छ जानकारी गराउँछु। ताजुवको कुरा त के छ भने दुनियाँका अगाडि सांसद भएपछि कहिले कहिले आफै मन्त्री उपप्रधानमन्त्री के के भएर संविधान मान्छु भन्ने सपथ लिएर, ईश्वरका नाममा सपथ लिएर देश र जनताका नाममा सपथ लिएर आफैले गरेको प्रतिज्ञा आफैले खाएको कसम पालना गर्नुपर्दैन? शपथ पालना गर्नुपर्दैन? यो संविधानप्रति वफादार छु। संविधानको पालना गर्छु भन्ने शपथ पालना गर्नुपर्दैन कि त्यो एउटा तमासा मात्रै हो।त्यो एउटा छद्म अवसरको खोजी मात्रै हो। त्यसो भएर संसद संविधानको विरोध गर्ने थलो होइन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु। संसद लोकतन्त्रको विरोध गर्ने थलो होइन भन्ने म स्मरण गर्न चाहन्छु। संसद संविधानसभा जसले लोकतन्त्र लोकतान्त्रिक प्रणालीलाई व्यवस्थित गऱ्यो, गणतन्त्र घोषणा गऱ्यो, राजतन्त्रलाई बिदा गऱ्यो त्यो गरिमामय संसदमा आएर फेरि राजतन्त्र ब्युउँताउँछु भन्ने कुरा, गणतन्त्रात्मक लोकतान्त्रिक प्रणालीको विरोध गर्ने कुरा, संघीय लोकतन्त्रको विरोध गर्ने कुरा गणतन्त्रको विरोध गर्ने कुरा यो संसदमा संविधान सम्मत हुँदैन र असंवैधानिक क्रियाकलाप गर्ने थलो संसद हुन सक्दैन। ……

सम्माननीय अध्यक्षज्यू, केही दिन यता संसद अवरुद्ध छ। सुशासन र त्यसमा कम्प्रमाइज भएका विषयमा प्रश्न उठ्नु स्वाभाविक छ। सरकारका काम कारबाहीप्रति प्रश्न उठाउने वा समर्थन गर्ने स्थल नै यस सम्मानित स्थल यो सम्मानित तर अहिले विषय सामाननीय छ एकजना कर्मचारीको विषयमा प्रश्न उठेको छ। सदन अवरुद्ध छ, महत्वपूर्ण संसदीय कार्यमा बाधा पुगेको छ। राष्ट्रसेवक कर्मचारीहरूको गुणदोष टिप्पणी गर्ने स्थल यो गरिमामय संसद हो भन्ने मलाई लाग्दैन। त्यसको प्रक्रिया छ। राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र दोषीलाई त्रुटि

गर्नेलाई कारबाही गर्ने विधि पनि यसै सदनले निर्धारण गरेको छ। यति भनौं सामाननीयतः कुनै पनि कर्मचारीबाट सरकारप्रति, विभागीय मन्त्रीप्रति देशको हितप्रति प्रतिबद्धता देखिएन लोयल्टी देखिएन भने कारबाहीको विषय बन्छ। विभागीय मन्त्रीको ठहर या मन्त्रिपरिषदले गरेको कारबाही ठिक छ, छैन भन्ने कुराको निरूपण गर्ने पनि विभिन्न निकायहरू छन्, ठाउँहरू छन्। त्यसको पनि परीक्षण होला, हुने ठाउँमै होला। त्यस्तो अवस्थामा सरुवा गर्ने, जगेडामा राख्ने, स्पष्टीकरण माग्ने, नसिहत वा चेतावनी दिने वा पदमुक्त गर्नेसम्मका काम सरकारले गर्छ। यो मामुली कुरा हो। पहिले पनि भएको छ अहिले पनि भएको छ। चित्त नबुझ्ने पक्षले कानुनी उपचारको हक राख्छ। त्यो पनि हुने गरेको छ, भइरहेको छ। अहिले यो विषय सम्मानित अदालतमा विचाराधीन छ। यसमा थप चर्चा परिचर्चा गर्न विधिसम्मत हुन्न भन्ने यस सम्मानित सदनलाई जानकारी नै छ। त्यसैले यस विषयमा थप बहस नगरौं। सम्बन्धित निकायलाई आफ्नो काम गर्न दिउँ। राम्रो काम गरेका व्यक्तिको पनि अनावश्यक चर्चा परिचर्चा हुँदा उपयुक्त निष्कर्ष आउन पाउँदैन। व्यक्ति व्यक्तिको नियुक्तिका विषयमा वा कुनै पनि कारबाहीका विषयमा संसदले त्यसमा हात हाल्न थाल्यो भने त्यसलाई आफ्नो विषय बनाउन थाल्यो भने कानुन निर्माण गर्नुपर्ने आफ्नो दायित्वबाट कर्मचारीको नियुक्ति, सरुवा वा कारबाही वा नसिहत वा प्रमोसन वा सम्मान, पुरस्कार यी विषयहरूमा संसदले हात हाल्न थाल्यो भने संसदका काम कारबाही छुट्छन्। जस्तो अहिले छुट्टीराखेको छ। यस्तो नहोस् भन्ने म आग्रह गर्न चाहन्छु। र व्यक्ति व्यक्तिको नियुक्ति वा अन्य कारबाहीका विषयमा यो गरिमामय सदन विभाजित पनि हुनु हुँदैन हुन जरुरी छैन। बरु अबदेखि यस्तो गर्दा हुन्छ होला। लोकसेवाबाट नियुक्ति हुने बाहेक अन्य प्रक्रियाबाट सरकारले नियुक्ति गरेका व्यक्तिहरू सरकार फेरिँदा स्वतः पदमुक्त हुने विधि अपनाए हुन्छ। त्यो गरौं। सल्लाहकारदेखि महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोगसम्म त अहिले पनि प्रधानमन्त्री फेरिँदा स्वतः फेरिने हामीले व्यवस्था हामीले गरेकै छौं। अरु पनि पोलिटिकल एपोइन्टमेन्ट खासगरी लोकसेवाले नियुक्त गरेका बाहेक अरुलाई त्यही विधिमा जाउँ। यसमा सल्लाह गरौं। विशेषगरी म प्रतिपक्षका माननीयज्यूहरूलाई अनुरोध गर्दछु। अहिलेको विषम परिस्थितिलाई हामी मनन गरौं। यो सामाननीय अवस्था होइन। यस्तो असामाननीय अवस्थामा यस्ता कुराहरूमा अल्झिएर एउटा कर्मचारीको विषयलाई लिएर यहाँ व्यवस्थामाथि हमला भइरहेको छ। यहाँ सुशासनमाथि यत्रो धज्जी उडाइएको छ। शान्ति सुव्यवस्थामाथि धज्जी उडाइएको छ। मान्छेका निजी घर पार्टीका कार्यालय तोडफोड आगजनी गरिएको छ। निजी व्यवसायमाथि हमला भएको छ। लुटपाट भएको छ। यस्तो अवस्था छ। प्रहरी हाम्रो दाजुभाई होइन, उसमाथि के जस्तो पनि आक्रमण गरे हुन्छ, गाडी लगेर किचिदिए, पेलिदिए हुन्छ? यस्तोसम्मको अराजकता देशमा सिर्जना गर्न खोजिएको छ। प्रतिगमनका लागि यतिबेला हामी

एकजुट भएर, जनतालाई जगाएर, व्यवस्था र संविधानको रक्षा गरेर यिनलाई सफल बनाएर अगाडि जानुपर्नेमा हामी स-साना नियमहरूमा अल्झिरहेका छौं। नअल्झिउँ भन्ने म आग्रह गर्न चाहन्छु। एकताबद्ध भएर लडेर ल्याएको हामीले यो सदनको अवरोधलाई अन्त्य गरेर एकताबद्ध भएर हामीले लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गरौं। हामी आफैले बनाएको संविधानलाई समृद्ध बनाउँ मेरो आग्रह छ। संविधानको जहाँसम्म कानुन निर्माणको प्रश्न छ, अध्यादेश ६ वटा मध्ये एउटा हामीले पेश गरेनौं। छ वटामध्ये पाँचवटा समयभित्रै पाँचवटा दुवै सदनहरूबाट स्वीकृत भइसकेको छ। अध्यादेश स्वीकृत हुनुपर्ने कुरा भइसक्या छ अब अध्यादेश भनेको कुरा यो अध्यादेशको सम्बन्धमा संविधानको धारा ११४ को (२)ले व्यवस्था गरेको छ। त्यस अनुसार नै हुने कुरा छर्लङ्गै छ भन्ने म ठान्दछु। त्यसो भएर हामी म आग्रह गर्न चाहन्छु कि यसलाई अब कहाँ पुऱ्याउँछौं त हामीले। यसर्थ प्रतिपक्षको भावनाको कदर र सम्मान गर्दै यस सदनमा अहिलेको परिस्थिति, अहिलेका गतिविधि, मेरो थाइल्याण्डको भ्रमण, बिमस्टेकको शिखर सम्मेलन देखि लिएर अहिले हाम्रो बीचमा चलिरहेको साना मसिना कुरामा जहाँ हामी एउटा इगोको जस्तो विषय बनाएर अल्झिरहेका छौं। यसलाई इगोको विषय नबनाउँ र सदन सुचारु गरौं म आग्रह पनि गर्न चाहन्छु। अहिले योभन्दा बढी भन्दा अध्यक्ष महोदय फेरि एकपल्ट म ध्यान दिनुपर्ने विषयतिर ध्यान दिउँ। त्यसतिर केन्द्रित हौं। मुख्य विषयमा केन्द्रित हौं। साना कुरामा नअल्झौं भन्ने आग्रह गर्दै आफ्नो भनाइ टुङ्गाउँछु। धन्यवाद। समय दिएकोमा धन्यवाद।

(१२:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१२:३८ बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ</u>:- सम्मानीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक,

२०८१ माथिको दफाबार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१२:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकाले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकमा १० जना माननीय सदस्यहरूबाट चार समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु । सर्वप्रथम, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

माननीय सदस्यहरू हरेक संशोधनकर्ता प्रस्तावकलाई डायासमा आएर आफ्ना विषय राख्ने र समर्थकहरूले यथास्थानबाट विषयहरू राख्नको निम्ति पनि म सबै प्रक्रियामा अनुरोध गर्छु।

(१२:४१ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, आज अब यो सुशासन सम्बन्धी विषयमा बोल्ने कुरो आयो। यो पूर्व जानकारी पनि भएन अलिकति आज कतिखेर सुरु हुन्छ कसरी हुन्छ भन्ने कुरा पनि। गुरिल्ला तालले यहाँ आज सदन सुरु भयो। अब ठिकै छ अब हामी सुशासन सम्बन्धी भन्दा पनि हाम्रो यो अध्यादेश जुन तरिकाले आयो ,जुन प्रक्रियाले यहाँ विधिले यहाँ प्रस्तुत गरियो। मेन त्यो प्रक्रिया र पद्धति सम्बन्धी नै हाम्रो पार्टीको विमति छ। र कन्टेन्टमा पनि हामीले संशोधनहरू हालेका छौं। र यसभन्दा अगाडि बारम्बार हामी मन्त्रीज्यूहरूसँग कन्टेन्टमा पनि सुधार गर्ने विषयमा संविधान र यो ऐनहरूसँग बाझिएका कुराहरूलाई हामीले सुधाछौं स्वीकाछौं भनेर उहाँहरूले सहमति गर्नुभएको थियो। अब ती कुराहरू पनि भएनन् यहाँ। त्यसैले म यहाँ अब अब धेरै कुरो राख्न चाहन्न। अब मैले आफ्नो असहमति प्रकट गर्दै मैले आफ्नो भनाइ यहिँ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१२:४३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

(१२:४४ बजे) **मानानीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि छलफल गरिरहेका छौं। विशेष गरिकन मैले यस ऐनको यस विधेयकको दफा ३ दफा ३ (क) मा संशोधन रहेको छ। यसले प्रचलित कानुन मा नेपाल सरकार मन्त्रिपरिषदबाट सम्पादन हुने भनी उल्लेख भएका विषयहरू भन्ने छ क्यारे। यसलाई झिक्नुपर्ने पूर्णरुपमा यो (क)लाई झिक्नुपर्ने मेरो संशोधन रहेको छ। अर्को दफा ८ को ४(१) मा मेरो संशोधन रहेको छ। दफा ४(१) ले पहिलोपटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा त्यस्तो कैदबापत रकमदिई बैंकबाट छाडिदिने निवेदन दिएमा अदालतले त्यस्तो रकम लिइ कैदमा बस्न नपर्ने गरी आदेश दिनुपर्नेछ भन्ने रहेको छ यसमा मेरो असहमति रहेको छ। नगदसँग अपराध, सजायलाई साटिनु हुँदैन। एकै दिन भएपनि अपराधीले कैदमा बस्नुपर्छ भन्ने मेरो माननीयता रहेको छ। अर्को छ १३ योगमाया सम्बन्धी छ। योगमाया आयुर्वेद

विश्वविद्यालय अन्तर्गतको कम्तीमा दुई जना भन्ने छ। त्यो दुई जना भन्ने पछाडि एकजना दलित (ञ) २ मा, (ञ) १ हो नि (ञ) २मा कम्तिमा दुईजनापछि एकजना दलित एकजना मुस्लिम महिला थप्ने भन्ने रहन हुनुपर्छ भन्ने मेरो संशोधन रहेको छ। त्यसपछि १३ (७) लाई यो लामो नाम, प्रस्तावना, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेको योगमाया आयुर्वेद विश्वविद्यालय भन्ने शब्दको सट्टा विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय भन्ने शब्दहरू प्रदेश नम्बर १ भन्ने शब्दको सट्टा कोशी प्रदेश भन्ने शब्द रहेका छन्। र कुलपति भन्ने शब्दको सट्टा उपकुलपति भन्ने शब्द राखिएको भन्ने रहेको छ। यो ७ नम्बरको उपदफा ७ लाई पूरै झिक्नु पर्ने मेरो प्रस्ताव रहेको छ। मैले यी कुराहरू राख्दै मेरो मनाई अन्त्य गरे। लाल सलाम।

(१२:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसाललाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१२:४८ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो सरकारले अध्यादेश मार्फत ल्याएको भन्नुपर्छ अध्यादेशलाई प्रतिस्थापन गर्नका निम्ति ल्याएको विधेयकहो यो। यो विधेयकमा धेरै नराम्रा कुराहरू छन्। थुप्रै नराम्रा कुराहरू छन्। जसलाई हामीले समितिमा लगेर समय थियो प्रशस्त तर सरकारले चाहेन। सरकारले सुरुमा सहमतिका निम्ति समय चाहियो भनेर यसलाई कार्यसूचीबाट हटायो। तर बीचमा यसलाई अगाडि बढाउन नै चाहेन अन्तिम घडीमा लिएर आएर यसलाई राम्रोसँग छलफल गर्न पनि सरकार चाहेन। यहाँ अहिले एउटा औपचारिकताका निम्ति मात्र यो छलफल गरिँदैछ। यो हाम्रो संसदीय प्रणालीको हिसाबले नै गलत छ। पहिलो कुरा यस ढंगले जबरजस्ती अध्यादेश ल्याउने र छलफलै नगराइकन,संसदमा छलफलै नगराईकन पारित गर्ने जुन परम्परा स्थापना गर्न स्थापना गर्न खोजिँदैछ यो सरासर हाम्रो संसदीय प्रणाली विपरीत छ। त्यसकारणले म यो तरिकाको, यो प्रक्रियाको नै विरोध गर्छु र यस भित्रका थुप्रै असंगतिहरू छन्। जसलाई यो छोटो समयमा राख्न सकिँदैन। खासगरीकन दुईटा व्यवस्थामा म यो कुनै पनि हालतमा गर्न नहुने काम हामीले गर्दैछौं। यसको म असहमति मात्रै होइन यसमा मेरो गम्भीर आपत्ति रहेको पनि धारणा राख्न चाहन्छु। त्यसमा खासगरीकन यसको यसको दफा ५ को उपदफा (२) मा एउटा विभागलाई, एउटा प्रशासनिक संयन्त्रलाई अदालतलाई सरह

अधिकार दिने भनेको छ। जुन न्यायिक सिद्धान्त अनुसार मिल्दै मिल्दैन, गर्नै पाइँदैन। यस खालका संशोधन अध्यादेश मार्फत ल्याउने र सरकारमा संसदमा लाग्ने यो माने मान नमाने नमान भन्ने ढंगले जाने काम जुन भइरहेको छ यसले के स्थापित गरेको छ भने सरकारले संसदलाई कुनै मूल्य दिँदैन, कुनै महत्व दिँदैन, आफूले जे भन्यो त्यही कुरा मात्रै गर्न चाहन्छ। यही हो सर्वसत्तावाद भन्ने। सर्वसत्तावादतर्फ उन्मुख छ भन्ने कुरा यहाँ देखिन्छ। यस हिसाबले जाने कुरा गलत हो। यो गलत तरिकाले नजाउँ। म मन्त्रीजीलाई फेरि पनि अनुरोध गर्न चाहन्छु अरु तपाईका सबै कुरा होलान् तर न्यायको सिद्धान्त विपरीतका काम गर्न मिल्दैन यो नगरौं। म फेरि पनि हाम्रो यो संशोधनलाई स्वीकार गर्नुस् र स्वीकार गरेर कमसेकम पनि हाम्रो न्यायको सिद्धान्त विपरीत नहुने गरी र त्यस बाहेक हामीले जुन विधायन ऐन पास गरेका छौं यही संसदबाट। केही समय अगाडि मात्रै हामीले पारित गरेका छौं।दुवै सदनबाट र यही महिनाको ३ गते यही चैत महिनाको ३ गते राष्ट्रपति सम्माननीय राष्ट्रपति महोदयबाट प्रमाणीकरण भएको छ। त्यो ऐन विपरितका प्रावधानहरू कम्तिमा नराखौं। मैले पटकपटक अनुरोध गरेको छु। अध्यादेशमाथिको छलफलदेखि विचार गरियोस् भन्ने बेलादेखि मन्त्रीज्यूसँग अलग अलग छलफल गर्दा देखि हमेशा यो कम्तीमा पनि विधायन ऐनले गर्न नमिल्ने काम नगरौं भनेको छु तर मन्त्रीजीहरू सुन्नुहुन्न जबरजस्ती गर्न खोजिरहनु भएको छ। यस हिसाबले जाने कुराले राम्रो गर्दैन। यो ढंगले जाने कुरा राम्रो भएन। त्यसैगरीकन दोस्रो बुँदा मैले अब धेरै मेरा बुँदा छन म धेरै राख्न सकिदैन छोटो समयमा। यो दोस्रो मैले राखै पर्ने बुँदा के भने योगमाया विश्वविद्यालय, योगमाया आयुर्वेदिक विश्वविद्यालयलाई अनावश्यक रुपमा विदुषी योगमाया हिमालयन विश्वविद्यालय भनेर जुन नामाकरण गर्ने र त्यस अनुसार त्यसमा अन्तरवस्तुमा परिवर्तन गर्ने जुन काम गरिएको छ।यो पनि संसदमा नियमित प्रक्रियाबाट विधेयक ल्याएर होइन अध्यादेश ल्याउने र जबरजस्ती अध्यादेश फेल गराउन कहाँ पाइन्छ। अध्यादेश फेल गराउन कहाँ पाइन्छ भन्दै जसरी जान खोजिएको छ जबरजस्ती तरिकाले यो जबरजस्ती तरिकाले भविष्यमा धेरै अप्ठ्यारो पर्नेछ। त्यसकारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु। कमसेकम यो योगमाया आयुर्वेद विश्वविद्यालयको विधेयक ऐनलाई संशोधन गर्नुपर्ने। त्यसको छुट्टै विधेयक यहाँहरूले लिएर आउनुस, सरकारले छुट्टै विधेयक लिएर आओस् र त्यो छुट्टै विधेयकमाथि छलफल गर्न आवश्यकता हो भने त्यस अनुसारले छलफल गरेर अगाडि बढ्न राम्रो हुन्छ। त्यसका निम्ति म अनुरोध गर्न चाहन्छु। होइन भने यो तरिकाले जाने कुराले, अब कुनै पनि ऐन संसदले बनाउन परेन हरेक ऐन सरकारले अध्यादेशको रुपमा लिएर आउने र जबरजस्ती यो अध्यादेशलाई प्रतिस्थापन गर्ने त गर्नै पर्छ गर्नै पर्छ भनेर गराउने यो गलत तरिका हो। यो गलत तरिकाबाट नजाउँ भन्ने अनुरोधका साथ (....समय सकिएको।)

(१२:५३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गंगा कुमारी बेलबासेलाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

(१२:५४ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, हामी पाँच दिन हाम्रो कार्यतालिकाको पाँच दिन पार गरिसकेका छौं। हामीले उठाएको विषयलाई आज सम्माननीय प्रधानमन्त्रीज्यू आएर सम्बोधन गर्नुभएको छ। र हामीले अर्को विषय पनि उठाएका छौं विधायन ऐनसँग बाझिएका विषयलाई यहाँबाट झिक्नुपर्छ, हटाइनुपर्छ। हामीले आफैले बनाएको ऐन मानेर जानुपर्छ भनेर हामीले राखेको विषय हो। र वास्तवमा सदनलाई कसले अवरुद्ध गऱ्यो, आज देखिन्छ होला, आज बुझिन्छ होला, संसारले हेरिराखेको होला। नेपालको सदनलाई सरकारले अवरुद्ध गरेको थियो र सरकारले सम्बोधन गर्ने र सरकारले आफ्नो वचन पूरा गर्ने हिसाबले मात्रै प्रतिपक्षले खोज्ने कुरा वाचा थियो र आज खुलेको छ। सरकारले अवरुद्ध गरेको सदन खुलेको हो भन्ने कुरा म पहिलो कुरा राख्न चाहन्छु। अर्को कुरा हामीले हामीले विधान ऐन बनायौं सार्वजनिक तथा प्रत्यायोजित विधान समितिले त्यसको ड्राफ्ट गर्यो यो चार वर्षदेखि माननीय रामनारायण बिडारी सभापति हुँदादेखि यसको तयारी भएको थियो। सदनलाई गाइडलाइन चाहियो हामी एउटा गाइडलाइन बनाउ। एउटा गाइडलाइन अन्तर्गत जाउँ। सरकारले जहिले पनि सरकारका मन्त्रीहरू परिवर्तन हुने फरक फरक ढंगले विधेयकहरू लिएर आउने। र हामीलाई विधान समितिमा छलफल हुँदाखेरि फेरि त्यसको पुष्टि गर्नलाई अलिअलि कानुन मन्त्रालयका कर्मचारी साथीहरूले सहयोग गर्ने नत्र सबै कुरा नयाँ हुने र विधान समिति सधैंभरि भिड्नु पर्ने भएको कारणले यो विधायन ऐन हामीले बनाएको हौं। योसँग बाझिएको हदसम्म मन्त्रीले मानेर जानुपर्छ सदनले मानेर जानुपर्छ। सत्ता पक्षले मानेर जानुपर्छ। यो अहिले ल्याएको यो प्रतिस्थापन विधामा बाझिएका कानुनहरू खारेज हुनुपर्छ, झिक्नुपर्छ भन्ने कुराहरू हामीले राखेका छन् भन्ने कुराहरू म राख्न चाहन्छु। अर्को कुरा अदालत सरहको अधिकार दिनुपर्छ भनेर संशोधनमा ल्याइएको छ। कुनै पनि ठाउँमा अदालत अदालतको ठाउँमा हो, ऐन कानुन आफ्नो ठाउँमा हुन्छ, सदन आफ्नो ठाउँमा हुन्छ, सरकार आफ्नो ठाउँमा हुन्छ। बाजिएको हदसम्म खारेज हुनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर हामीले राखेका संशोधनहरू यहाँ कायमै छन्। म थप यो विश्वविद्यालयको विषयमा राख्न चाहन्छु। योगमाया विश्वविद्यालय विधेयक यही हो। हामी यही दुईटा हाउसले पास गरेर अगाडि

बढाएका छौं। अहिले कार्यान्वयनको चरणमा छ। सरकारले अध्यादेश ल्याइसकेपछि त्यस अफिसमा बोर्डहरू फेरिएका छन्। विदेशी हिमालय, विदेशी योगमाया आयुर्वेदिक हिमालयन विश्वविद्यालय भनेर बनाइएको छ। किन हतारो छ सरकारलाई? यो विधेयक जब कि ७९ साल ५ महिना २८ गते प्रमाणित भएको कार्यान्वयनको चरणमा छ। र यसमा मान्छेहरूलाई त्यहाँको स्थानीय तहले बनाउनको लागि अगाडि बढायो स्थानीय तहमा जडीबुटी उत्पादन गर्छौं। स्थानीय तहमा प्रशोधन गर्छौं, स्थानीय तहमा जडीबुटी औषधि उत्पादन गर्छौं र विश्वविद्यालय त्यहाँ बनाउछौं र संसारभरीका मान्छेहरू पढ्ने विश्वविद्यालय त्यहाँ बनाउँछौं भनेर तीनवटा जिल्लाको संयुक्त आयोजनामा यो विधेयक बनाइएको हो। यसमा संखुवासभा, भोजपुर, धनकुटाका स्थानीय बासीहरूले आफ्ना पालिकाहरूलाई पनि त्यहाँ व्यवस्था गर्नुभएको छ। र यसको अनुसूचीमा के भनिएको छ भने यी-यी चाहे हाम्रो भूभागहरू हाम्रो पालिकाहरू नगरपालिका र गाउँपालिकाहरू यहाँ  हामीले यो विश्वविद्यालय बनाउनका लागि, निर्माण गर्नका लागि हामीले सहयोग गर्छौं भनेर यहाँ प्रतिबद्ध हुनुहुन्छ र हामीले अनुसूचीमा उहाँहरूलाई व्यवस्था गरेर राखेका छौं। अनावश्यक ढङ्गले माथिबाट ९ जानालाई थप गर्ने त्यो परिसरमा थप्ने कामहरू भएको छ र यो जति कन्टेन्ट यसमा राखिएको छ यो अहिले आवश्यक छैन। जतिबेला हामीले संशोधनको लागि आवश्यक ठान्छौ त्यतिबेला संशोधन गरौंला। र अहिले यो झिक्योस भने म राख्न चाहन्छु र यी मेरा अरु संशोधनहरू अरु संशोधनकर्ताहरूले पनि बोल्नुहुनेछ भन्ने कुराहरू राख्दै मेरो भनाई यहिँ टुङ्गाउछु। धन्यवाद।

(१२:५९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले २ मिनेटभित्र आ-आफनो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई ३  मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य रेनु चन्द।

(१३:०० बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सामाननीय अध्यक्षज्यू, संसद छलेर ल्याएको अध्यादेश प्रक्रियागत रुपमा गलत छ भन्ने मेरो पहिलो पोइन्ट। दोस्रो पोइन्ट या प्रतिस्थापन विधेयकलाई प्रतिस्थापन भनेर ल्याउन नसक्ने

मिस्टेक सुधार गरेर सुशासन प्रवर्धनको सुशासन सुरुवात गर्नुहोस् भन्ने मेरो सुझाव। तेस्रो कुरा यो विधायन ऐनसँग बाझिएका र त्यसको विपरीत रहेका प्रावधानहरू सबै हटाउनुस् भनेर मेरो सरकार र सरकारको मन्त्रीज्यूहरूलाई सुझाव। न्याय सिद्धान्त विपरीत भएका बाझिएका बुँदाहरू पनि हटाउनुस् भन्ने मेरो संशोधन पनि छ सुझाव पनि छ। यो योगमाया आयुर्वेदिक विश्वविद्यालयको ऐन र नामसँग खेलवा गर्ने काम बन्द गर्नुस्। के मज्जा आइरहेको छ त्यसमा। र आज डेडलाइन नभएको भए यो पिएम आएर बोल्नु हुन्थेन भने यत्रो चापमा यो पास हुन्थ्यो कि हुँदैनथ्यो। अब चापमा पास हुने स्थिति फेल हुन्छ, पास हुन्छ। हाम्रो संशोधन जे जति हामीले राखेका छौं माननीय उपप्रधानमन्त्री अर्थमन्त्री यहाँ हुनुहुन्छ उहाँलाई मैले विशेष आग्रह गर्न चाहन्छु। विधायनसँग बाझिएका त्यसका विपरीत रहेका सबै प्रावधानहरू हटाउनुस्। हामीले हालेका संशोधनहरूलाई गम्भीरतापूर्वक लिनुस्। धन्यवाद।

(१३:०२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य राधेश्याम पासवान।

(१३:०२ बजे) **<u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकसम्बन्धी समय पाएको छु। अब भनौं कि नभनौं भनौं भने फेरि अब मन्त्रीजी सुनिराखुभएको छ। अस्तिकै दिनदेखि जवाफ दिन उहाँ मञ्चमा गएर सबै माननीयजीहरूलाई नै तर्साउन थाल्नुहुन्छ। यो बानी राम्रो हो कि नराम्रो हो मन्त्रीज्यूको? यसमा अब सुधार गर्ने कि नगर्ने? हैन यो कुन बानी हो अलिकति यो पनि मन्त्रीजीले बुझ्नुपर्ने कुरा हो। अब यो पाँच दिनदेखि हाउस बन्द थियो। अब यो हाउस बन्द भर्खर सुरुवात हो। हामीले जुन विषय राखेको थियो, त्यो प्रधानमन्त्रीले पहिला नै सम्बोधन गरदिएको भए। सरकार पक्षबाट सम्बोधन भएको भए आज पाँच दिनदेखि हाउस बन्द हुने थिएन। तर जे होस् आज सम्बोधन गर्नुभयो त्यसको लागि धेरै धेरै धन्यवाद छ सरकारलाई। अध्यक्ष महोदय, सुशासन प्रबन्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही ऐन माथि मेरो संशोधन हो। र यो संशोधन अब हुन त अध्यादेशबाट आएको हो। अध्यादेशबाट प्रक्रिया नआएको भए राम्रो हुन्थ्यो। यो के हो भने विधायन समितिलाई यो व्यवस्था नै गरेको हो। यो विधायन भने विधायक प्रक्रियाहरू व्यवस्था हुने प्रक्रिया हो। त्यसकारणले केही मैले संशोधन गरेको छु। अब हाम्रो नेपाली मूल दफा २ को नेपाली मूलको विदेशी नागरिक हटाउने र नेपाली मूलको नेपाली भाषा थप्ने मेरो संशोधन हो। अर्को दफा नम्बर ११ मा निःशुल्क शब्द जुन छ त्यो हटाइदिने। दफा नम्बर ३ को (क) झिकी विधानियनको १५ बाँझिएको छ। विधायनसँग नै बाँझिएको छ। त्यसलाई

झिक्नुपर्छ। दफा २५ को उपदफा ३ मा तपाईंको मुख्य सचिवलाई अधिकार दिएको छ। त्यसकारणले सम्बन्धित मन्त्रीलाई नै मूल्याङ्कन गर्ने अधिकार दिनुपर्छ। यो मेरो संशोधन हो। दफा २६ को (क) प्रशासन निकायलाई अदालत सरहको अधिकार दिएको छ। यो अदालत सरहकको अधिकार दिनु हुँदैन किनभने अदालत भनेको अदालत छँदैछ अब त्यो हामी प्रशासनलाई नै अधिकार दिएन भने यो कस्तो हुन्छ। त्यसकारणले यो मैले संशोधन गरेको छु कि प्रशासनलाई अदालत सरहको अधिकार दिनु हुँदैन। अब योगमाया विश्वविद्यालय भर्खर हामीले दुवै संसदबाट पास गरेर हामीले पारित गरेका थियौं। तर यो सुरुवातकैमा तपाईंको यसको नाममा नै संशोधन मन्त्रीजीले किन गर्नु भो अस्ति पनि जवाफ दिँदाखेरि कता न कता भन्यो कि माननीयजीहरू विषयवस्तुमा बोल्नुहुन्न। बाहिर बाहिर बोल्नुहुन्छ। अनि आज विषयवस्तुमा नै कोट गएर बोलेको छु। अब मन्त्रीजी आरामसँग तपाईंले जवाफ दिनुहोला। नहतारिकन, न माननीयहरूलाई थर्काइकन यति भन्दै म विदा लिन चाहन्छु। धन्यवाद।

(१३:०५ बजे) **सम्माननीय अध्यक्ष** :-माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:०५ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा सुशासनको सन्दर्भमा योगमायाको विषयमा नै हाम्रो संशोधन छ, मेरो पनि छ। हामीले महिला आन्दोलनको इतिहासमा एउटा अभिनेताको रुपमा हामीले उहाँलाई मान्दै र हामीले इतिहासको एउटा लिडर सम्झिदै आएको यहाँहरूले विदुषी भनेर कसरी राख्नुभयो। यो योगमायालाई भावनामा चोट पुऱ्याउनु भएको छ। यसलाई मन्त्रीज्यूले सुधार गरेर ल्याउनुस् भन्ने हाम्रो पहिला पनि आग्रह थियो र अहिले पनि मेरो फेरि पनि आग्रह छ। यहाँहरूले नाम पनि परिवर्तन गर्नुभएको छ। र यो महिलालाई नबझ्ाइदिनुस्, यो आम नेपाली महिलाहरूको भावना हो। मनमा बस्नुभएको व्यक्तित्व हो। त्यसो भएको हिसाबले अभिनेताको रूपमा नै ल्याइदिंदा हामीले यसलाई राम्रो हुन्छ भन्ने मेरो सुझाव छ। दोस्रो कुरा यहाँहरूले श्रम ऐन, २०७४ मा संशोधन गरेर ५८ बाट ६० पुऱ्याउनु भएको छ। त्यहाँ बेरोजगार बस्न नपर्ने र संरचनाहरू तयार गरेर सेवा सुविधाहरू निरन्तर पूर्व खाइपाई आएकोहरूलाई निरन्तर दिने कुरा गर्नुभएको छ। यो संरचना तयार गरेर पहिला खाएकोहरूले फेरि खाने संरचना यहाँहरूले बनाइरहनुभएको छ। आज युवा, बेरोजगारी, पढेलेखेका मान्छेहरूको अवस्थालाई यहाँहरूले किन सोच्नुभएको छैन? भन्ने मेरो प्रश्न छ। र सँगै मैले

प्रतिनिधि सभामा पनि सुने छ पटकभन्दा लोकसेवा आयोग दिन नपाउने कुरा, त्यो मौलिक हकको कुरा यो पनि सुशासन भित्रै पर्छ भनेर मैले यहाँहरूको बीचमा उठाएको छु। यो स्थायी नगर्ने अनि परीक्षा दिन पनि नपाउने यो खालको कुरा पनि षडयन्त्रकारी हुन्छ भन्ने मलाई लाग्छ। र अघि बोल्ने माननीयज्यूहरूले, मन्त्रीजीहरूले नै उत्तेजित बनाउनुभयो अपशब्दहरू प्रयोग गर्नुभयो भन्ने कुरा मेरो सहमत छ। प्रतिपक्षलाई काँडाको आँखाले हेर्नुभयो भने कहिले सफल हुन सक्दैन फूलकै आँखाले हेर्न मेरो यहाँसँग अनुरोध छ। धन्यवाद।

(१३:०७ बजे) **सम्माननीय अध्यक्ष** -:माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:०८ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ**-: सम्माननीय अध्यक्षज्यू, हामी अहिले अध्यादेशको प्रतिस्थापन गर्न ल्याइएको विधेयक माथिको दफावार छलफलको क्रममा छौं। यो तफाबार छलफलको क्रममा आफ्नो संशोधन प्रस्तावहरू प्रस्तुत गर्ने माननीयज्यूहरू, माननीय तुलप्रसाद विश्वकर्माज्यू, माननीय विष्णु बहादुर विश्वकर्मा, माननीय डा. बेदुराम भुसालज्यू, र माननीय गंगा कुमारी बेलवासे, र यो संशोधनमा आफ्नो समर्थन जनाउनुहुने माननीयज्यूहरू माननीय रेनु चन्दज्यू, माननीय राधेश्याम पासवानज्यू, माननीय राजेन्द्र लक्ष्मी गैरे। सबै माननीयज्यूहरूलाई म यो छलफलको लागि धन्यवाद दिन चाहन्छु। उहाँहरूको भनाइको म सम्मान व्यक्त गर्न चाहन्छु। एउटा कुरा मैले आज बोल्नै पर्ने भएको छ। मेरो जिब्रो सोझो छ, सिद्धा छ। घुमाउरो छैन। एउटा कुरा म फेरि agressive logic मा विश्वास गर्छु।शैलीको हिसावले पनि मैले कुनै माननीयको अपमान गर्ने वा कसैलाई उ गर्ने ढंगले बोल्या पनि थिएन। मेरो मनमा त्यो एकरति पनि छैन, १% पनि छैन। तर विगतको छलफलमा मैले जे जे शब्दहरू प्रयोग गरे, उखान टुक्का हाले, या जे जे विम्बहरू प्रयोग गरे त्यसले उहाँहरूको भावनामा चोट पुग्यो भने मलाई अहिले feel भयो तपाईंहरूले बोल्दाखेरी। म आफ्नो यो शैलीले गर्दाखेरी तपाईंहरूलाई चोट लागेको छ भने म आफ्नो शैले सच्याउने प्रतिवद्धता जाहिर गर्छौं।

र हामी धेरै पटक छलफल गरिसक्या छौं हैन। अध्यादेशमा छलफल गर्न हामी तीन चार पटक तीन राउण्ड चलाएर प्रश्न-उत्तर र या समस्या या समाधान कसैले गर्ने हो भने प्रतिपक्ष, सत्तापक्ष भएर बीचमा हामीले धेरै पटक छलफल गरिसक्या छौं। अस्ती पनि छलफल भइसक्या छ। अब नामै यो प्रतिस्थापन विधेयक हो, अध्यादेशकै स्वरूप यहाँ ल्याएको हो विधेयक पास गर्नको लागि। त्यसकारण आज मैले धेरै कुराहरू माननीयज्यूहरू तीन, चार योटा विषय उठाउनु भएको छ। त्यसबारेमा मैले बोलि राख्नुपर्छ, उत्तर दिराख्नुपर्छ भने लागेन मलाई। त्यसकारण कतिपय कुराहरू मनोनयोग्य छन्। रअहिलेको सन्दर्भमा ग्रहण गर्न कतिको सकिन्छ भन्ने कुरा आफैमा प्रश्न छ। र धेरै कुराहरू उठाएका विषयहरू अघिल्लो उतापट्टी प्रतिनिधि सभामा पनि र यहाँ पनि उठेको धेरै विषयहरूलाई हामीले कहाँ सम्बोधन गर्न सकिएला भन्दाखेरि कतिपय कुराहरू हामी नियमावलीमा सम्बोधन गर्नसक्छौं। चीजलाई Megnify गरेर कार्यन्वयनको दौरानमा कतिपय कार्यविधिहरू संशोधन गर्न सक्दरहेको छौं। त्यो कुरा प्रति म सकभर नियमावली कार्यविधिहरूमा सम्बोधन गर्ने कुरा सम्बोधन गर्ने कुरा या समावेश गर्ने कुरा म यहाँहरू प्रतिबद्धता जाहेर गर्न चाहन्छु। र यति भनाई राखेर सबै यो छलफलमा भाग लिने माननीय सदस्यहरूलाई धेरै धेरै आभार र धन्यवाद दिएर मेरो भनाई यहि टुङ्गाउँछौं। धन्यवाद।

(१३:११ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् "भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१३:१२ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u> :- सम्माननीय अध्यक्ष महोदय, मैले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहने कुरा यहाँलाई अवगत गराउन चाहन्छु।

(१३:१३ बजे) <u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीयसदस्यहरूले "हुन्छ "भन्नुहोस् ।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीयसदस्यहरूले "हुन्न "भन्नुहोस् ।

-"हुन्न "

"हुन्न " भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले राखु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ " माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

(१३:१४ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, मैले हालेको संशोधनको प्रस्तावलाई सरकारले स्वीकार गर्नुपर्ने भनिकन यो हालेको हो त। मैले फिर्ता लिने होइन। म फिर्ता लिन्, नलिने जानकारी गराउँछु गराउछु। धन्यवाद।

(१३:१५ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ " भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोस् ।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न "भन्नुहोस् ।

-"हुन्न "

"हुन्न " भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त" सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा बेदुराम भुसाललाई .आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१३:१६ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीजीले दिनुभएको जवाफ चित्त बुझेन। चित्त बुझ्दो रहेन। खासगरीकन विधायन ऐन विपरीतका प्रावधानहरू नियमावलीमा गएर सच्याउन सकिँदैन। कार्यान्वयनमा गएर पनि सच्याउन सकिँदैन। सच्याउनै नसक्ने कुरो व्यवहारमा गएर सच्याउँला भन्ने खालको जवाफ दिएर यो पुग्दैन। यो जिम्मेवारपूर्ण जवाफ होइन। यो वास्तवमा सच्याउनै पर्ने, मिलाउने पर्ने विषय थियो। यस्तो विषयमा पनि सच्याउन, मिलाउन

सरकार तयार नहुने, मन्त्रीजी तयार नहुने कुरा  उचित रहेन। त्यसले गर्दा मैले यो संशोधनलाई फिर्ता लिन सक्दिन, मैले फिर्ता नलिने कुरा जानकारी गराउँछु। धन्यवाद।

(१३:१७ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा" बेदुराम भुसालले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१"  का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ " भन्नुहोस्।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न "  भन्नुहोस ।

-"हुन्न "

"हुन्न" भन्ने पक्षका माननीयसदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसालले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गंगा कुमारी बेलबासेलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१३:१९ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, विधायन ऐन यो सरकारको पनि गाइडलाइन हो। यो हामी राष्ट्रिय सभा र प्रतिनिधि सभामा भएका सबै माननीयज्यूहरूको पनि यो गाइडलाइन हो। र अबका

ऐनहरू बन्दाखेरि यसको बुदाँहरूमा बाझिएका हदसम्म खारेज गरेर, झिकेर यसलाई मिलाइनेछ भनेर हामीले यसलाई पास गरेका हौं। यो हाम्रो ऐन निर्माणको एउटा चेकलिस्ट हो। हामीले यसलाई मानेर जानुपर्ने हुन्छ र योसँग बाझिएका हदसम्मका विषयहरू झिक्नुपर्छ भनेर हामीले माननीय अर्थमन्त्रीसँग बारम्बार पटकपटक हामीले छलफल पनि गरेका छौं। उहाँले केही आश्वासन पनि दिनुभएको छ र योसँग बाझिएको हदसम्म झिकेनौं भने कुनै पनि वेला मुद्धा परेर यसलाई झिक्न पर्ने अवस्था पनि हुन सक्छ एउटा यो अवस्था छ भने गलत ढंगले केही ठाउँमा मलाई लाग्छ यो त्रुटीबस आएका होलान् अदालतको जस्तो अधिकार दिने कुरा र मन्त्री हुँदाहुँदै मन्त्रालयमा खटिरहेको सचिवको मूल्याङ्कन मुख्य सचिवले गर्नेछ भनेर व्यवस्था गरेर ल्याइएको छ। र यो हतपतमा गलत ढंगले ल्याइएका प्रावधानहरू छन्, कानुनी व्यवस्थाहरू छन्। त्यसैले यसलाई आफ्नो संशोधन कायम रहने कुरा र सरकारले मान्नुपर्ने कुराको म दाबी गर्छु र संशोधन फिर्ता लिंदैन। हस् धन्यवाद।

(१३:२० बजे) <u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गंगा कुमारी बेल्बासेले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोस् ।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न "भन्नुहोस् ।

- "हुन्न "

"हुन्न " भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ "माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय

सदस्य गंगा कुमारी बेल्बासेले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि १४ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनोस् "भनी निर्णयार्थ प्रस्तुत गर्दछु।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोस् ।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न "भन्नुहोस् ।

-"हुन्न "

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको दफा २ देखि १४ सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु:-

<u>प्रस्तावना</u>:- सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ-: (१) यस ऐनको नाम " सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस् "भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ "भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले" हुन्न "भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ ”भन्नुहोस् ।

- “हुन्छ ”

यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न ”भन्नुहोस् ।

- “हुन्न ”

“हुन्न ”भन्ने आवाज सुनिएन। तसर्थ“ सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस् ”भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् ”भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१३:२४ बजे) <u>**माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:२५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u> -माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् ”भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ ”भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले“ हुन्न ”भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ ”भन्नुहोस्।

- “हुन्छ ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न ”भन्नुहोस्।

- “हुन्न ”

हुन्छ ”भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त

“सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् ”भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

मानननीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् ”भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१३:२६ बजे) <u>**माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारी**</u>-: सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा संमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:२७ बजे) <u>**सम्माननीय अध्यक्ष**</u> -:माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

मानननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ ”भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले“ हुन्न ”भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ ”भन्नुहोस् ।

-“ हुन्छ ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न ”भन्नुहोस् ।

-“ हुन्न ”

“हुन्छ ”भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् ”भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल प्रारम्भ हुन्छ। यस विधेयकमा ९ जना माननीय सदस्यहरूबाट ४ समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा

जानकारी गराउँछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु।

माननीय सदस्यहरू, अब, सर्वप्रथम संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

(१३:२८ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):- सम्माननीय अध्यक्ष महोदय, मैले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ उपर राखिएकोको छलफलमा मैले आफ्ना भनाइहरू बुँदागत रुपमा राख्न चाहन्छु।

१. विधेयकको दफा २ को उपदफा ५ मा मूल ऐनको दफा ४१ को उपदफा ३ पछि थप उपदफा ३ (क) मा गरिएको सञ्चालक समितिको कार्यकाल सम्बन्धी व्यवस्था सहकारी संस्थाहरूको हकमा ठिक छ। तर ग्रामीण भेग वा दूरदराजका गाउँहरूमा खोलिएका सहकारी संस्थामा उपरोक्त प्रावधान लागु गर्दा त्यसको सहकारीको विकासमा बाधा पुग्ने भएकोले १० करोडभन्दा मुनि कारोबार हुने सहकारीको हकमा सञ्चालक समितिका पदाधिकारीहरूको दुई वर्ष कार्यकालको व्यवस्था गर्नु उचित हुँदैन त्यसैले उक्त दफामा संशोधन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर नै प्रतिबन्धात्मक वाक्यांश थप गरेको छु।
२. सहकारी विधेयकले आउँदा सहकारी विभागले जारी गरेको मापदण्ड २०६५ को परिच्छेद ४ को दफा २४ को उपदफा ४ अनुसार प्राथमिक पुँजी कोषको १० प्रतिशतलाई बचतको सिमा निर्धारण गरिएको छ तर व्यवहारमा त्यो कैयौं सहकारीले लागु गर्ने गरेका छैनन्। सहकारीमा बचतको सीमा सम्बन्धी कानुनमा व्यवस्था गरेर जानुपर्दछ बचत तथा ऋणको सीमा निर्धारण गरेर पछाडि मुख्यतया बचतकर्ताहरूको रहेको छ। सहकारीमा बचतका लागि विभिन्न प्रकारले बचतकर्तालाई प्रभावमा पार्ने र उनीहरूको बचतको कुनै ग्यारेन्टी नहुने जसको परिणाम स्वरूप बचतकर्ताहरूको अर्बौं रुपैयाँ ठगी भइ बचतकर्ता बिचल्लीमा परि आत्महत्या गर्ने तहसम्म पुगेका अप्रिय घटनाहरू हाम्रो समाजमा घटिरहेका छन्। त्यसलाई न्यूनीकरण गर्न बचत तथा ऋणको सिमा निर्धारण गर्ने र बचतको सुरक्षाका लागि आवश्यक कानुनी प्रावधान मिलाउनु अहिलेको आवश्यकता हो।

३. विधेयकमा निक्षेप तथा तथा कर्जा सुरक्षण कोषको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले सदस्यता लिनुपर्ने व्यवस्था गरेको छ जुन सही छ। बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने तर अन्य सहकारीले त्यस प्रकार सदस्यता लिनु नपर्ने कुनै कानुनी व्यवस्था छैन। तर ती संस्थाहरूले बचत तथा ऋणको कारोबार गर्ने र कानुनी रूपले पनि त्यस प्रकारका सहकारीमा उनीहरूको प्राथमिक पुँजीको १० प्रतिशत बचत गर्न पाउने छुटले झन् समस्या पैदा गर्छ। मूल ऐनमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता गरिएको संस्था बाहेक अन्य विषयमा वा बहुउद्देश्यीय संस्था बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन भन्ने व्यवस्था गरिएको छ । ठिक त्यसै प्रकारले सोही ऐनमा अन्य कारोबार गरिरहेकालाई आफ्नो पनि मुख्य कारोबारमा आउने समसामयिक समय सीमा उपलब्ध गराइएको छ यद्यपि त्यसलाई कार्यान्वयन गर्ने तर्फ सरकारको कुनै ध्यान गएको छैन। त्यसले बचत तथा ऋण सहकारी संस्था किटानीपूर्वक व्यक्तिगत बचतको सीमा र ऋणको अंक तोकेर जानुपर्छ। अध्यादेशमा गरिएको व्यवस्था ठिक थियो। त्यस विधेयकमा आएको व्यवस्थालाई संशोधन गरी अध्यादेशमा भएको व्यवस्थालाई अगाडि बढाउनुपर्छ।

४. हाम्रो पार्टीले बचत तथा ऋण सहकारी संस्थालाई नियमन गर्न बेग्लै संरचनाको आवश्यकतामा जोड दिँदै आएको छ राष्ट्रिय सहकारी नियमन प्राधिकरण उचित छ। तर उक्त प्राधिकरणलाई स्वायत्त हुनुपर्दछ। प्राधिकरणका बारेमा गरिएको कानुनी व्यवस्थामा सरकारले चाहेमा जुनसुकै बेला प्राधिकरणका पदाधिकारीलाई हटाउन पाउने व्यवस्थाले स्वेच्छाचारिताका साथै प्राधिकरणको स्वायततामाथि प्रश्न चिन्ह खडा गर्दछ। त्यसैले विधेयकको दफा २ को उपदफा ११ मा गरिएको प्राधिकरणको अध्यक्ष र विज्ञको नियुक्ति सम्बन्धी व्यवस्थामा अध्यक्ष र सदस्यले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको ठहर भएपछि मात्र हटाउने व्यवस्था गरिनु उचित हुन्छ।

(१३:३४ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू अब संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

(१३:३५ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, अहिले हामी सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न पनि विधेयकको संशोधनको प्रस्ताव माथि म छलफल गर्न गइरहेको छु। र मेरो संशोधनको प्रस्ताव यस प्रकार रहेका छन्। विशेषगरीकन अध्यादेश मार्फत आएको यो सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न भनेको विधेयक अध्यादेश जो थियो अहिले बहुतबाट पारित भइसकेपछि यो छलफलमा छ र यो ऐनको रूपमा आउने निश्चितै छ। यसो हुँदा खेरि मैले यो आएको विधेयकलाई सर्सर्ती मैले अध्ययन गरें र केही कुराहरू यहाँ मिलाउनैपर्नेछ। विशेषगरीकन अहिले संशोधन अध्यादेश ल्याउने।त्यो हाम्रो सरकार छ। सरकारले ठुला ठुला माफियाहरूलाई त राम्रैसँग दृष्टिगत गरेकै देखिन्छ। तर तल पिँधमा रहेका जनसमुदायलाई जो छन् उनलाई पटक्कै पनि यसलाई समेट्ने कानुनमा समेट्ने अधिकार प्रदान गर्ने कुरामा पटक्कै ध्यान नदिएको मलाई महशुस भएको छ। यसो हुँदा खेरि म त्यही क्लस्टरको, त्यही जातिको,त्यही पिँधमा रहेको वर्गको प्रतिनिधित्व गर्ने भएको हुनाले विशेष गरीकन मैले त्यो वर्गको उत्थानको निमित्त र अधिकार सम्पन्न गर्नेमा मेरा प्रस्तावहरू, संशोधनहरू आउने गर्दछन्। यो प्रस्तावित विधेयकको १०३(क) छ। १०३ (क) लाई झिक्नुपर्ने भनेर मैले यो संशोधन गरेको छु। यहाँ के छ भन्नुहुन्छ भने क को ३ नम्बर १०३क को ३ नम्बर छ क्यारे यहाँ। ३ मा छ- प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नुपर्ने छ भनेर गएको छ। मेरो सोचाई विशेष गरीकन यो स्वायत्त संस्था भएको हुनाले सरकारसँग सिधै सम्पर्क गर्न पाउनुपर्छ भन्ने हो मेरो। अर्को छ १०३ (ङ), १०३(ङ) मा एउटा संशोधन रहेको छ। र यसमा १०३ङ को ७ मा भनिएको छ प्रस्ताव गरिएको छ कि अध्यक्ष र सदस्यको पदावधि ४ वर्षको हुनेछ र निजको पुनः एकपटकको लागि नियुक्ति हुनसक्नेछ भन्ने प्रावधान रहेको छ तर यसलाई संशोधन गरेर अध्यक्ष र सदस्यको पदावधि ४ वर्षको हुनेछ र निजको भनिएको ठाउँबाट औचित्यको आधारमा सिफारिस भएमा मात्रै उनलाई पुनः एकपटक नियुक्ति गर्न सकिनेछ भन्ने राखिनुपर्छ भन्ने मेरो संशोधन रहेको छ। त्यसपछि १०३ (थ) को ४ मा केही मैले संशोधन गर्न पर्ने महसुस गरेर मैले यहाँ राखेको छु। त्यहाँ प्रस्ताव गरिएको छ ४मा प्राधिकरणले आफ्नो कार्य सम्पादन गर्नुको लागि आवश्यकता अनुसार विशेषज्ञ प्राविधिक तथा सहायक स्तरका कर्मचारी करारमा नियुक्ति गर्न सक्नेछ भन्नेछ। त्यसैले कर्मचारी करारमा नियुक्ति पछि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गर्न सकिने छ भनेर राख्नुपर्छ भन्ने मेरो प्रस्ताव रहेको छ मेरो संशोधन रहेको छ। विशेष गरिकन मैले यी तीनवटा कुरालाई मैले संशोधन गर्न वान्छनीय मान्या हुनाले मेले यो संशोधन हालेको छु। र विशेष गरिकन यो हाम्रो सरकारले यो प्रस्ताव गर्यो अध्यादेशमार्फत यो प्रक्रिया र विधि मिचेर जुन ल्याइयो, यो प्रक्रिया र विधि मिचेर ल्याइए

पनि यस भित्र रहेका हामीले अत्यन्तै महत्वपूर्ण मानेर जुन हालिएको छ यसप्रति मन्त्रीज्यूले सहर्ष स्वीकार गर्नुहुनेछ भन्ने मेरो अनुरोध पनि म अनुरोध पनि गर्न चाहन्छु र म यही प्रस्ताव राख्दै मेरो भनाइलाई अन्त्य गर्दछु। हस्त। लाल सलाम।

(१३:४० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१३:४० बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय आज यो सदनले बहुमतका आधारमा एउटा गलत निर्णय गऱ्यो। आफैले बनाएको ऐन आफै उल्लङ्घन गर्ने निर्णय। विधायन ऐन हामी आफैले बनाएका हौं। यो सदनबाट आज उल्लङ्घन भयो। यसमा म अत्यन्त दुःखी पनि छु। मेरो आपत्ति पनि छ। फेरि यस्तो नगरौं भन्ने अनुरोध पनि छ। मेरो अनुरोध त छ। तर यो जुन विधेयकको हामी छलफल गर्दैछौं यसमा झन् धेरै त्यस्ता प्रावधानहरू छन्। झन् धेरै छन्। यो यहाँ राख्नको पनि खासै अर्थ छ छैन भन्ने प्रश्न मेरो मनमा उठिराछ। यसमा त संविधानसँग बाझिने प्रावधानहरू पनि छन्। यस्तो एउटा व्यक्ति देशै भरिमा एक प्रकारको एउटा सहकारीमा मात्रै सदस्य हुन पाउँछ भनेर संविधानले हामीलाई भन्न दिन्छ। संविधानले दिएको संगठित हुने स्वतन्त्रताको हकमाथि यसले हनन गर्छ। यस्तो खालको काम किन सरकार गर्दैछ। यो अत्यन्त गम्भीर प्रश्न बनेको छ। त्यसैगरीकन एउटा व्यक्तिले कति रकम जम्मा गर्न पाउँछ सहकारीमा। कतिसम्म ऋण लिन पाउँछ भनेर हद तोक्ने, सीमा तोक्ने यो अधिकार हामीलाई संविधानले दिन्छ? कदापि दिँदैन। संविधानमा सम्पतिको अधिकार छ। व्यवसाय गर्ने अधिकार छ। सबै मौलिक हकको रूपमा स्थापित अधिकार छ। मौलिक हकहरूकै खण्डन हुने गरी कानुन बनाउने अधिकार वास्तवमा संसदलाई छैन। तर हामी किन यस्तो गरिरहेका छौं? के के कुराले यो काम गर्न हामीलाई प्रेरित गरिरहेको छ। म साँच्चै गम्भीर भएको छु। यस ढंगले जान किन जरुरी छ। त्यो पनि अध्यादेशको रुपमा लिएर आएर छलफल पनि संसदमा नगरिकन यस ढंगले जाने कुराले हामीलाई गलत दिशामा लगिरहेको छ। यो गलत दिशामा जाने काम नगरौ भन्ने मेरो हार्दिक अनुरोध छ। यसका धेरै दफामा त्यस्तो व्यवस्था गरिएको छ। यो प्राधिकरण जुन सहकारी नियमनका लागि जुन प्राधिकरण बनाउने व्यवस्था गरिएको छ। त्यसलाई यो कानुन संशोधन गर्ने अधिकार दिएको छ। मापदण्ड बनाएर यो सीमा हेरफेर गर्न सक्नेछ। बचत र त्यो ऋणको जुन हेरफेरको कुरा गरिएको छ। त्यसकारण मापदण्डमार्फत हेरफेर गर्न सकिने ऐनमा गरेको व्यवस्थालाई एउटा प्रशासनिक

संयन्त्रले, त्यो प्राधिकरण एउटा प्रशासनिक संयन्त्र हो। त्यो नियमन गर्नको निम्ति बनाइएको प्रशासनिक संयन्त्र हो। त्यो संयन्त्रले हेरफेर गर्न पाउँछ भन्ने यो कस्तो ऐन हामी बनाउँदैछौं। कस्तो कुन न्यायिक सिद्धान्तमा उभिएर हामीले यो ऐन बनाउँदैछौं। यो सरासर गलत काम हामीले गरिराखेका छौं। अरु न्यायको सिद्धान्तको हिसाबले कानुनको सिद्धान्तको हिसाबले गलत मात्र होइन। हामीले आफैले बनाएको कानुनलाई मिच्ने गलत काम हामीले गरिरहेका छौं। विधायन ऐन मैले पटक पटक भनिराख्याछु। विधायन ऐन लाई मिचेर हामी यो ऐन बनाइरहेका छौं। यो गलत काम नगरौं। मन्त्रीज्यूलाई म फेरि अनुरोध गर्छु। तपाईंले स्वीकार गर्नुस् विधायन ऐन विपरितका प्रावधानहरू नराख्ने कुरा स्वीकार गर्नुस्। यसले केही पनि बिग्रँदैन। यसले राम्रै हुन्छ। यसले हामीलाई भविष्यमा अरु थप कानुन बनाउनका निम्ति पनि हामीलाई यसले सहयोग गर्छ। त्यो दिशामा हामी जान्छौं। एउटा कानुन निर्माण गर्दा खेरि पनि कानुनमा बाँधिएर पनि हामीले कानुन निर्माण गर्छौं भन्ने कुरामा हामी जान सक्छौं। त्यसैगरीकन यो प्राधिकरणलाई जरिवाना तोक्ने अधिकार दिएको छ। जबकि हाम्रो विधायन ऐनले कसूर कायम गर्ने अधिकार प्रत्यायोजित गर्नै सकिँदैन भन्छ। कसुर कायम गर्ने कसुर कायम गरेर नै जरिवाना तोकिन्छ। कसुर कायम गर्ने अधिकार दिन सकिँदैन प्रत्यायोजित गर्न सकिँदैन भन्छ विधायन ऐनले तर यो ऐनले बकाइदा त्यो प्राधिकरणलाई ५ लाख देखि १५ लाख सम्मको जरिवाना गर्ने त्यो कसुर कायम गर्ने जरिवाना दिने अधिकार दिइन्छ। यस्तो कुरा किन गर्न खोजेको हो सरकारले? यो गलत बाटोमा किन हिंडिरहेको छ सरकार? मलाई त यसमा चिन्ता छ। त्यसै कारणले अध्यादेशदेखि नै यो नगरौं भनेर हामीले यसै भनेको हो। अध्यादेश ल्याउन पाउँदैन सरकारले कहिले पनि भन्याछैन। यहाँ माननीयज्यूहरूले पाउँछ पाउँछ भन्नुहुन्छ पाउँदैन भनेकै छैन। गलत ल्याउन पाउँदैन मात्रै भनेको हो। अध्यादेश मार्फत गलत कुरा ल्याउन पाइँदैन भन्ने मात्रै हो। त्यो गलत (समय सकियो)...

(१३:४५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू अब संशोधन प्रस्तावकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारलाई आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु।

(१३:४६ बजे) <u>**माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न सरकारले ल्याएको अध्यादेशको प्रतिस्थापन विधेयक, २०७१ मा मेरो आफ्ना केही संशोधन राख्न

चाहन्छु। हुन त सरकारले यसलाई प्रतिस्थापन विधेयक सम्म पनि भन्न आँट गरेन। १- प्रस्तावनाको दफा २ को उपदफा (२) मा थप्न प्रस्तावित दफा १५ को उपदफा (७) पछि थप्न प्रस्ताव गरिएको उपदफा (८)मा सहकारी संस्थाको दर्ता स्थानीय तहमा मात्र हुनेछ भन्ने वाक्यांश हटाउनको लागि मेरो संशोधन छ। संविधानको धारा ५० को उपधारा (३) मा समाजवाद उन्मुख स्वतन्त्र अर्थतन्त्र विकास र अर्थतन्त्र विकासको तीन पिल्लर मध्येको एक महत्त्वपूर्ण पिल्लर सहकारी भएकोले प्राधिकरणले निर्धारण गरेको मापदण्डभित्र संघ, प्रदेश र स्थानिय तहमा दर्ता गर्न सक्ने प्रावधान राख्नुपर्छ भन्ने मेरो सुझाव छ। २- प्रस्तावनाको दफा २ को उपदफा (५) मा संशोधन गर्न प्रस्तावित गरिएको दफा ४१ उपदफा (३) पछि थपिएको ३(क) मा सञ्चालक समितिका पदाधिकारीहरूको कार्यकाल २ कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन नपाउने प्रावधान नेपालको संविधान २०७२ को प्रस्तावनाको प्रतिकूल हुने भएकाले पदाधिकारीहरू मध्येको कुनै एक पदमा २ कार्यकालभन्दा बढी निर्वाचित हुन सक्ने छैनन् भन्ने शब्द राख्नुपर्ने मेरो संशोधन छ। ऐनमा व्यवस्थापन गर्दै गर्दा ध्यान दिनुपर्ने विषय कोषाध्यक्षले दुई कार्यकाल पूरा गरेपछि उसले त्यो भन्दा माथि सचिव, उपाध्यक्ष, अध्यक्ष कुनै पनि पदमा निर्वाचित हुन पाउने संवैधानिक स्वतन्त्रतालाई ऐनले बन्देज गर्न हुँदैन। ३- प्रस्तावनाको दफा २ उपदफा (११) खण्ड १०३ (क) १ मा रहेको सहकारी संस्थाको नियमन गर्ने गर्न भन्ने वाक्यांशको सट्टा सहकारी सङ्घसंस्थाको नियमन, अनुगमन, प्रवर्धन र सुपरिवेक्षण गर्न भन्ने वाक्याँश राख्नुपर्ने चेपुवा र दबावमा परेका सहकारीहरूको उद्धारको आवश्यकता छ। नियतमा खराब गर्न थालेका सहकारीहरूलाई चेतावनीको आवश्यकता छ। नियतमै खराब गरिरहेका सहकारीहरूको सम्पत्ति जफत गर्ने गरि ऐनले बाटो खोलिनुपर्छ। नियमन भन्ने वाक्याँशले मात्रै समग्र समस्या पहिचान र जरैबाट समस्या समाधान गर्न नियमन, अनुगमन र प्रवर्द्धन सुपरिवेक्षण गर्न कानुनीको ढोका खोलिदिनुपर्छ। सम्माननीय अध्यक्ष महोदय यो ऐनमा थुप्रै यस्ता कमी कमजोरीहरू धेरै छन् जसको लागि बृहत र व्यापक छलफलको आवश्यकता थियो। यो विधायन समितिमा गएर यो दफावार छलफलको आवश्यकता थियो। त्यो अधिकारबाट हामी वञ्चित त भइहाल्यौं। फेरि पनि यो विधायन ऐनले व्यवस्था गरेको भन्दा बाझिने गरी यसका प्रावधानहरू झिक्नको लागि म विनम्र मन्त्रीज्यूसँग अनुरोध पनि गर्न चाहन्छु। धन्यवाद।

(१३:५० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब प्रनितिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को

संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई २ मिनेट भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:५० बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, सहकारीको मूलभूत विशेषतामा मैले भनेको थिएँ त्यसमा सहकारी संस्थाहरूलाई सङ्कुचित हुने गरी ल्याएको कुरा सुधार गर्नुपर्दछ। हामी यहाँ कतिपय मान्छेहरू आफ्नो जिल्लाबाट काठमाडौं आएर बस्नुहुन्छ। उहाँहरू सानातिना व्यवसायमा जोडिन खोज्दा यहाँको सहकारीमा सहभागी हुन खोज्दा यहाँ योगदान पुर्याउन खोज्दा नपाउने यो खालको व्यवस्थाले सहकारीलाई सङ्कुचित बनायो भनेर मैले पहिला पनि भनेको थिए र फेरि पनि दोहोर्‍याउन चाहन्छु। यो विशेषतामा भएन र अर्को कुरा सरकारीको यहाँहरूले यो कोष सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहने भन्नुभएको छ। हुनुपर्ने कुरा यो राष्ट्रिय सहकारी महा सङ्घको स्वीकृति अनुसार कार्यविधिअनुसार चल्ने व्यवस्था हुनुपर्ने हो। सरकार सहकारीको समस्यालाई समाधान गर्नेतिर उन्मुख भन्दा पनि नियन्त्रण गर्ने तर उन्मुख भएको कुरा यसले आभाष दिन्छ। यो सहकारी संस्था स्वतन्त्र संस्था हो। हस्तक्षेप गर्नु हुँदैन सरकारले भन्ने मेरो कुरा हो। यसमा म फेरि जोड दिन चाहन्छु। र अर्को कुरा सहकारी संस्थाहरू संशोधन हुनुपर्ने कुरा के छ भने गैर आवासीय नेपालीहरूलाई सहकारीको प्राधिकरणमा सदस्य पदाधिकारी हुन रोक लगाएको छ। हाम्रा नेपालीहरू गैर आवासीय नेपालीहरू उनीहरू बाहिर गएर बसेका छन् उनीहरूसँग त्यो विज्ञता छ क्षमता छ। उनीहरू गैर आवासीय नेपालीहरूलाई देशभित्र फर्काउनको लागि पनि अभियानमा जोड्नको लागि पनि उनीहरूलाई विभिन्न अवसरहरू छ है भनेर हामीले अनुभूति दिनुपर्ने हुन्छ। यो कुराहरू आएको छैन यो सङ्कुचित छ। र अर्को कुरा व्याख्या गर्ने कुरा परिच्छेद १-मा जिल्ला संघ, प्रदेश संघ केन्द्रीय संघहरूको विषयमा यो मौन छ। स्पष्ट व्याख्या गर्नुपर्दछ यसरी अन्योलमा बनेका नीतिले काम गर्न गाह्रो हुन्छ सरकारलाई यो हाम्रो सुझाव हो। यस्तो खालको मौनतालाई व्याख्या गरिनुपर्दछ भन्ने कुरा हो र कोषको पुँजीको कुरा गर्दाखेरिमा यो सरकारले तोक्ने भन्दा व्यक्तिगत बचत ऋणको सीमा उनीहरूको बचतको आधारमा लगानी गर्ने कुरा नै वैज्ञानिक हुन्छ। यस्तो कुराहरूमा ध्यान दिंदाखेरिमा हामीले यसलाई राम्रो बनाउन सकिन्छ भन्ने लाग्छ। धन्यवाद।

(१३:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मनरुपा शर्मा।

(१३:५४ बजे) <u>माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा मेरो संशोधन रहेको छ। र यो संशोधनलाई स्वीकार गरियोस् भन्न चाहन्छु। हुन त यो अध्यादेशबाट आएको हुनाले शुरुबाटै यो बेठिक छ भन्ने पनि मलाई लागिरहेको छ। र कतिपय विषय राख्ने कि नराख्ने भन्ने पनि छ। फटाफट पास हुने र जाने र संशोधनकर्ताले राखेका विषयहरूलाई देखाजाला भन्ने हो कि भने जस्तो पनि लाग्ने अलि मनमा शंका पनि लागिरहेको छ। त्यसकारणले गर्दा यो स्वीकार गरियोस् भन्न चाहन्छु। र धेरै विषयवस्तुहरू उठाउनुपर्नेछ र धेरै संशोधन गर्न पर्नेछन्। यहाँ राख्नपर्ने र झिक्नपर्ने धेरै छन्। तापनि फेरि जसरी आएको छ। यो शुरुमै यो बेठिक तरिकाले आएको छ भन्न चाहन्छु। र क्रम संख्या २, प्रस्तावना दफा २ उपदफा (२) अन्तर्गत मूल विधेयकको उपदफा (७) पछि थपिएको उपदफा (८) मा उल्लेख बचत तथा ऋणको मुख्य कारोबार गर्ने भन्ने वाक्यांश यो उपदफासहित अन्य सबै दफा, उपदफाहरू हटाउनुपर्छ भन्ने लागिरहेको छ मलाई हटाउनु पर्ने। र सहकारीको संघ संस्थाको दर्ता प्रक्रिया संघात्मक प्रकृतिको हुने भएकोले स्थानीय तह मात्र हुनेछ भन्ने शब्दहरू हटाउनुपर्नेछ र यो प्रस्तावना २ उपदफा (५) यो विधेयकको दफा ४१ को उपदफा (३) पछि ३(क) थपिएको व्यहोरा संचालक समितिका पदाधिकारीहरूको कार्यकाल२ कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचन हुने पाउने प्रावधान नेपालको संविधान, २०७२ को प्रस्तावनाको प्रतिकूल हुनेभएकोले पदाधिकारीहरू कुनै १ पदमा २ कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुनसक्ने छैनन् भन्ने शब्दहरू राख्ने र जति पनि यो आएका छन्। यो ऐन धेरै कमी कमजोरी छ। यसको लागि यो संशोधन गरेर राखिएको हाम्रो संशोधन छ। यसलाई स्वीकार गरियोस्। र यसलाई अगाडि बढाइयोस् भन्ने म प्रस्ताव राख्न चाहन्छु। हस्त धन्यवाद। अभिवादन।

(१३:५६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य घनश्याम रिजाल।

(१३:५६ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, संविधानको भाग ४ को धारा ३ मा समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनी उल्लेख गरिएको छ। यो सरकारले लिएर आएको विधेयक जुन छ सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक जुन छ यसले समाजवादको पिल्लरहरूमध्ये एउटा पिल्लर सहकारी

क्षेत्रलाई नराम्रोसित प्रहार गरेको छ।यसले यसको सहकारी कर्मीहरूको सहकारी कतिवटा सहकारीमा सदस्य बन्न पाउने कुन कार्य क्षेत्र भएकोमा सहकारीमा सदस्य बन्न पाउने र कारोबार गर्न पाउने भन्ने कुरालाई नियमन गर्न खोजेको छ र सहकारी कर्मीहरूलाई नियुक्त बनाएको छ र अर्को आर्थिक कारोबारको सीमा पनि तोकेर सहकारीकर्मीहरूलाई निरुत्साहित गर्ने र समाजवादको एउटा पिलरलाई प्रहार गर्ने काम जुन भएको छ यस्ता धेरै खालका बुँदाहरू यो विधेयकमा छन्। यसको यो ३ मिनेटमा यसको उल्लेख गरेर सकिँदैन। त्यसैले मैले यो संशोधनका लागि राखेको बुँदाहरू पेश गरेको छु। यो संशोधन प्रस्तावलाई प्रस्ताव गरोस् यो सदनले भन्ने आफ्नो मत राख्न चाहन्छु।धन्यवाद।

(१३:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलवासे।

(१३:५८ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक अध्यादेशको रूपमा आयो र प्रतिस्थापन विधेयकलाई पास गर्ने प्रक्रियामा हामी छौं। छलफलमा छौं। हामीले विरोधको सूचना दिएका छौं र यसमा छलफल गरिरहेका छौं। संयुक्त राष्ट्र संघले २०२५ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरेको छ। Cooperative build a better world भन्ने नाराका स संसारभरि एउटा जागरण सहकारी सम्बन्धी जागरण ल्याइरहेको छ। र सदस्य राष्ट्रलाई सहकारी नीति कानुन नियम र सहकारी व्यवसाय अनुकूल बनाउन आह्वान गरिरहेको छ। यस्तो बेलामा सरकारले अर्थव्यवस्थाको एउटा पिलर सहकारीलाई नियमन गर्न खोजिराखेको छ र यो संविधानको विपरीत छ र हामीले पास गरेको विधायन ऐन विपरीतका प्रावधानहरू राखेर यसमा व्यवस्था गरेर ल्याइएको छ। यतिबेला नेपालमा केही बदमास सहकारीहरूलाई देखाएर नियमन गर्न खोजिएको छ। र यो यसले यो संशोधनले यसलाई सम्बोधन गर्न सक्दैन। त्यसैले संशोधन मात्रैले यो सम्भव नभएको हुनाले नयाँ ऐन नयाँ विधेयक ल्याएर व्यवस्थित गर्नका लागि नयाँ कानुनको आवश्यकता छ र सबै तह सबै क्षेत्रलाई व्यवस्था गर्न जरुरी छ। यहाँ ४ वटा सहकारी भित्रका विभागहरू छन् र एउटा विभागलाई मात्रै सम्बोधन गरेर विकास बोर्डलाई हटाएर प्राधिकरण बनाइएको छ। प्राधिकरण एउटा माग थियो। तर अधिकार सम्पन्न प्राधिकरणको माग थियो। त्यो ढंगले प्राधिकरण आएको छैन। र जे प्राधिकरणलाई व्यवस्था गरिएको छ। त्यो पनि हाम्रो विधायन ऐनसँग बाझिएको छ। त्यसैले नयाँ विधेयक ल्याएर सहकारीलाई व्यवस्थापन गरेर एउटा अर्थव्यवस्थालाई एउटा आर्थिक पिलरलाई मजबुत

गराउनका लागि म माग गर्दछु र मेरो भनाइ यहीँ अन्त्य गर्छु। र हाम्रो संशोधन यो सामाननीय संशोधन मात्रै रहेको छ मूल कुरा हाम्रो विरोध हो र नयाँ विधेयक ल्याउनको लागि माग गर्दछु। हवस्। धन्यावाद।

(१४:०० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू अब भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:०० बजे) **माननीय भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारीः-** सम्माननीय अध्यक्ष महोदय, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक माथि संशोधनकर्ता ९ जना माननीयज्यूहरू हुनुहुन्थ्यो। उहाँहरूमध्ये ४ जनाको ग्रुप बनाएर यहाँहरूले प्रस्तुत गर्नुभयो। ४ जना माननीयले त्यसरी प्रस्तुत गर्नुभयो भने अन्य ४ जनाले पछि समय लिएर बोल्नुभएको छ। म उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु। मैले तपाईँ हामीले छलफल गर्दा यो सैद्धान्तिक छलफल गर्दा पनि यहाँहरूले यही प्रवृत्तिका कुराहरू राख्नुभएको थियो र मैले त्यसैसँग सम्बन्धित भएर जवाफ पनि दिएको थिएँ। अब कतिपय कुराहरू यहाँहरूले भन्नुभएको छ। मैले उत्तर दिँदा यहाँहरूलाई चित्त बुझ्दैन। यहाँहरूले भनेको हाम्रो अहिले आएको विधेयक अन्तर्गत पर्दैन भनेर मैले भन्छु। त्यसकारण यसलाई त्यतातिर जान भन्दा पनि वास्तवमा हामी कुनै पनि कुराहरू हामीले काम गर्दै जाँदा अनुभूति गरेको आधारमा तपाईं हामी माननीयहरूले संसदमा अरू विभिन्न निकायहरूमा यिनै सहकारी फर्महरूमा जाँदा अनुभूति गरेको आधारमा हामीले नीति नियमहरू बनाउने हो। त्यो नीति नियम बनाउँदाखेरि सबै पूर्णता हुन्छ भनेर अहिले पनि भन्न सकिन्नँ मैले तपाईंहरूले भनेका कुराहरू कतिपय जायज छन् जायज होलान्। तिनलाई अहिले नै समेट्न सक्ने अवस्था पनि छैन। त्यसकारण हामी कानुन बेलाबखत बनाउँछौं आवश्यकता अनुसार बनाउँछौं नमिलेको कुरालाई मिलाउँछौं। यसमा यहाँहरू पनि प्रष्ट हुनुहुन्छ। अब हामी पनि प्रष्ट छौं। सरकार पनि प्रष्ट छ। त्यसकारण म यहाँहरूलाई अनुरोध के गर्न चाहन्छु भने यहाँहरूले विभिन्न कुराहरू राख्नुभएको छ। कतिपय कुराहरू सहकारी ऐन, २०७४ मै व्यवस्था भएका कुराहरूलाई हामीले अहिलेको माग अहिलेको आन्दोलन अहिलेको आवश्यकता अनि सहकारी विज्ञहरूको भनाइको आधारमा

तत्कालै गर्नुपर्ने कामहरूलाई मात्रै यहाँ ल्याएको हो। त्यो ल्याउँदाखेरि पनि कतिपय कुरा नमिलेको हुन सक्ला। त्यसलाई सुधार्ने त हामी ऐन ल्याउने भनेका छौं। बकाइदा छलफल गरेर बुँदा बुँदा पनि गर्न सक्छौं। त्यता तिर जान सकिन्छ भन्ने मैले राख्न चाहन्छु। एउटा महत्वपूर्ण कुराहरू के छ भन्नु होला भने यहाँ अघि माननीय डा. बेदुराम सरले अस्ति मलाई बसेर पनि भन्नुभएको थियो। अहिले पनि यहाँ राख्नुभएको छ। यो ऐनमा भएको कुरो प्राधिकरणले ऐनलाई प्राधिकरणले काट्न सक्छ कि सक्दैन भनेर राख्नुभएको थियो। म यहाँहरूलाई के अनुरोध गर्न चाहन्छु भने २०७४ को ऐनको दफा ५२ मा यहाँहरूले हेर्नुभएको छ होला। त्यहाँ के भनेको छ भने साविकको दफा ७४ को ऐनमा ७४ को दफा ५२को कुनै पनि संस्थाको सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियम संस्थाले विनियममा विनियम बनाएर गर्न सकिन्छ भनेर भनेको छ। त्यतिबेला ऐन बनाउँदा। हामीले त्यो व्यवस्थित भएन सम्बन्धित संस्थाले गराउँदाखेरि अरुसँग मेल खाँदैन भनेर हामीले त्यही ऐन अन्तर्गत टेकेर के भनेका छौ भने प्राधिकरणले मापदण्ड बनाएर अनि यसलाई हेरफेर गर्न सक्नेछ भन्याछौं। त्यो भन्दा यो वैज्ञानिक हो भन्ने कुरो पनि आएको छ। हामी विभिन्न विज्ञहरूले त्यही सुझाव दिनुभएको छ त्यसको आधारमै राखिएको हो। अब यो हामीले यसरी ल्याएका छौं।यसमा चित्त नबुझ्न सक्छ। एउटा पाटो होला। अब यी अन्य कुराहरू मैले अस्ति पनि भनेको छ। २ कार्यकालको कुरा पनि यहाँहरू प्रष्ट हुनुभएको छ। २ कार्यकाल भनेको एउटा पदमा हो। सचिव भएको उपाध्यक्ष हुन पाउँछ। उपाध्यक्ष भएको अध्यक्ष हुन पाउँछ। तर कोही पनि हुँदै नहुने कुराले अघि नै यहाँ तल्लो तप्काको, साना तप्काका, पिछडिएको वर्गका, दलित, आदिवासीहरू समेट्न सकिन्नँ अथवा यिनले अवसर पाएनन् भन्ने कुरा गर्नुभयो। तिनले पनि अवसर पाउन् भनेर २ अवधि हामीले तोकेका हौं। तर एउटा पदबाट माथि जाने कुरोलाई खुड्किलोको रुपमा उहाँहरू जान पाउनुहुन्छ। र त्यो प्राविधिक तहमा अध्यक् उपाध्यक्ष, सचिव भन्ने पद हुन्छ। त्यसमा क्रमशः जान पनि पाउनुहुन्छ। र त्यो सकिएपछि जिल्लामा जान पनि पाउनुहुन्छ। जिल्लामा सकिएपछि केन्द्रमा जान पनि पाउनुहुन्छ। त्यसकारण यहाँहरूले त्यसरी बुझ्दिनुहुन अनुरोध गर्न चाहन्छु। एउटा अन्तिममा सबै भन्दा अन्तिममा गंगाजीले हो क्यारे अन्तर्राष्ट्रिय वर्ष २०२५ लाई अन्तर्राष्ट्रिय वर्ष मान्ने भनेको छ र यो अन्तर्राष्ट्रिय मूल्य माननीयताअनुसार यो अहिलेको विधेयक पनि आएको छ। म यहाँहरूलाई के अनुरोध गर्न चाहन्छु भने अस्ति भर्खरै थाइल्याण्डमा अन्तर्राष्ट्रिय संस्थाको एउटा बैठक भएको थियो। त्यो बैठकमा अहिले नेपालले ल्याएको विधेयक एकदम आधुनिक अहिलेको आवश्यकता अनुसार छ भनेर त्यहाँ धन्यवाद पाएको छ र त्यो संस्थाको अध्यक्ष पद पनि नेपालले पाएको छ। त्यसकारण पनि के कुरा बुझ्दिनु पर्यो भने यो अहिलेको पक्षमा सकारात्मक छ भन्ने कुरो

बुझ्नुपर्छ। बुझ्नुहुन्छ भन्ने मलाई लाग्छ र यहाँहरूले यिनै कुराहरू सबै कुराहरू धेरै कुराहरू भन्नु भएको छ त्यतातिर जानु भन्दा पनि म सम्पूर्ण माननीयज्यूहरूलाई पुनः अनुरोध गरें। यो आफ्ना कुराहरू आफ्नो ठाउँमा छन् हाम्रो नियम पद्धति विधि अनुसार हामी अगाडि गइरहेका छौं। त्यसकारण यहाँहरूले यो अहिले आएको विधेयकलाई समर्थन गरेर आफूले राखेका संशोधनलाई फिर्ता लिएर यसलाई समर्थन गरेर पास गर्दिनुहुनेछ भन्ने विश्वासका साथ मेरा भनाइ अन्त्य गर्दछु। धन्यवाद।

(१४:०६ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट र सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुलप्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:०७ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):** सम्मानीय अध्यक्ष महोदय, मैले आफ्नो विचारहरू राखिसकेको छु त्यहाँ। त्यसैले यो प्रस्ताव फिर्ता नलिने आफ्नो कुरा जाहेर गर्दछु।

(१४:०७ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुलप्रसाद विश्वकर्माले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१ का विभिन्न दफा तथा उपदफाहरूका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले"हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले"हुन्छ" भन्नुस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुलप्रसाद विश्वकर्माले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय श्री विष्णु बहादुर विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:०९ बजे) **<u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, अहिले जुन मैले यो अध्यादेश मार्फत आएको विधेयकमा जुन मैले संशोधन प्रस्ताव राखें।त्यो संशोधन प्रस्तावलाई हाम्रो सम्बन्धित मन्त्रीज्यूले स्वीकार गर्न सक्नुभएन। हामीले अन्यथा केही पनि राख्या थिएनौं। विशेष गरिकन त्यहाँ आउनपर्ने हुनपर्ने जुन छुटेका विषयलाई मात्र राखेका थियौं क्यारे त्यो स्वीकार गर्न सक्नुभएन। यसो हुँदाखेरि मैले आफ्नो राखेको संशोधन प्रस्तावलाई सरकारले स्वीकार नगरिसकेपछि सरकारले राखेको फिर्ता लियोस् भन्ने प्रस्ताव पनि मैले स्वीकार गर्न सकिनँ र म स्वीकार गर्दिनँ। धन्यवाद।

(१४:१० बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यको तर्फबाट माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले"हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यको तर्फबाट माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:११ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>: सम्माननीय अध्यक्ष महोदय, हाम्रो मन्त्रीज्यूले आजको ऐन नमान्ने, पूरानो ऐनको सहारा लिने यो ढंगको जुन बुझाइ रह्यो उहाँमा। त्यसमा मैले दुःख प्रकट गर्नु बाहेक अरू मेरो कुनै ठाउँ रहेन। कस्ता विज्ञ हुन् जसले कानुनले तोकेको सीमा प्राधिकरणले मापदण्ड बनाएर फेर्न सक्छ हेरफेर गर्न सक्छ भन्छन्। त्यस्ता मान्छे विज्ञ हुन्छन्? को विज्ञ मान्छे छ यो देशमा त्यो विज्ञसँग छलफल गर्न चाहन्छु म, मन्त्रीलाई अनुरोध गर्छु कि त्यस्ता विज्ञलाई भेटाइदिनुस्। यस्तो विज्ञ हुन्छ। यो कुनै विज्ञ होइन, यो विज्ञको नाममा यस्तो खालको विज्ञापन नगरौं। यो राम्रो भएन। र यसरी अहिले बनेको ऐनलाई पूरानो ऐनले काट्न सक्छ? पूरानो ऐनमा छ भने पनि त्यो पनि संशोधन हुन्छ। अहिलेको विधायन ऐन अनुसार नमिलेका प्रावधानहरू पूरानो ऐनमा छन् भने ती पनि संशोधन गर्नुपर्ने हुन्छ। त्यसकारण आज जब हामीले नयाँ ऐन बनायौं भने त्यसो भए त पञ्चायतकालीन ऐनमा चले भइहाल्यो नि, अहिले किन संशोधन गर्नुपर्‍यो। किन ल्याउनुपर्‍यो? त्यसकारण यस्ता खालका तर्क गरेर दिएको जवाफले चित्त बुझ्ने कुरै भएन। त्यसकारणले यो संशोधनमा हामीले जुन संशोधनहरू पेश गरेका छौं। ती संशोधनहरू फिर्ता लिने कुरै आउँदैन। फिर्ता नलिने कुरा म जानकारी गराउँछु। धन्यवाद।

(१४:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसालले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई  संशोधन गर्ने विधेयक २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसालले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु। माननीय सदस्यहरू संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसालले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई  संशोधन गर्ने विधेयक २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसालले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:१४ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकमा विधायन ऐनका थुप्रै प्रावधानहरू मिचिएको छ। र मन्त्रीज्यूले स्पष्टीकरण दिने सन्दर्भमा १०० को ९९ पनि अलिकता राम्रो संकेत त्यहाँ केही पनि देखिएन। त्यसले मेरो आफ्नो संशोधन फिर्ता नलिने व्यहोरा अनुरोध गर्दछु। धन्यवाद।

(१४:१५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू संशोधन प्रस्तावकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य श्रीकृष्णप्रसाद अधिकारीले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि 5 सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने माननीय सदस्यको बहुमत भएकाले । तसर्थ विधेयकको दफा २ देखि 5 सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछुः-

<u>प्रस्तावनाः</u> सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनीधिसभाबाट सन्देश सहित प्राप्त "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

(१४:१८ बजे) **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारी**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई प्रतिनिधिसभाबाट सन्देशहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:२० बजे) <u>माननीय उपप्रधान एवम् अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सदनसमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" माथिको दफावार छलफल प्रारम्भ हुन्छ। यस विधेयकमा ७ जना माननीय सदस्यहरूबाट तीन समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु ।

सर्वप्रथम, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु।समय पाँच मिनेट।

(१४:२२ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, मैले आफ्ना भनाइहरूलाई बुँदागत रूपमा यस प्रकार राख्न चाहन्छु।

१. प्रत्येक वर्षको राजस्व र व्ययको अनुमान अर्थात् प्रत्येक बजेट प्रस्तुत गर्ने महिना र गतेको समयसीमा हाम्रो संविधानले नै तोकेको हुनाले बजेट समयमै सदनमा प्रस्तुत हुने संवैधानिक बाध्यता भएता पनि त्यसपछिका दिनहरूमा बजेट पारित हुनु वा समयमै त्यसले निकासा नपाउँदा समयमा नहुने गरेको छ।बजेट तर्जुमा प्रक्रियामा समयसीमा तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यलाई व्यवस्थित गर्नुपर्ने आवश्यकतामा हाम्रो दलले जोड दिन्छ।समयमा बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना नीति र कार्यक्रम वार्षिक बजेटको सीमा सम्म जोडिएका पक्षहरूलाई समयमै सम्पन्न गरी आर्थिक दायित्व पूरा गरी सुशासन कायम गर्ने कुरामा हामीले जोड दिन्छौं। तर बजेट लगायतका आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी संवैधानिक वा कानुनी व्यवस्था निर्धारित गरिए पनि ठुला दलहरूको सत्ता मोहका कारण मुलुकमा पटकपटक देखा परिरहेको राजनीतिक अस्थिरताको परिणाम आर्थिक उत्तरदायित्व सम्बन्धि कुनै पनि काम निर्धारित समयसीमामा हुन सकिरहेका छैनन्। यो कानुन बनाइए पनि ठुला दलहरूका सत्ता मोहका कारण सरकार गठन विघटनको खेल चलिरहेको हो भने आर्थिक कार्यविधि र उत्तरदायित्व सम्बन्धी कार्य तोकिएको समयभित्र हुन नसक्ने कुरा स्पष्ट नै छ।

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दफा १३ मा अहिलेसम्म स्थानीय तहलाई केन्द्रबाट जाने चारवटा अनुदान रकममध्ये वित्तीय समानीकरण अनुदान स्थानीय तहको आवश्यकता अनुरूप खर्च गर्ने अधिकार दिइएको छ भने समपूरक अनुदानको रकममध्ये खर्च हुन नसकेको रकम स्थानीय सञ्चित कोषमा जम्मा हुने गरेको थियो। तर विधेयकले समपूरक अनुदानको पनि आर्थिक वर्षभित्र खर्च नभई बाँकी रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा दाखिला हुनुपर्नेछ भन्ने व्यवस्था प्रस्तावित गरेको छ जुन सही छैन। विधेयकको उक्त व्यवस्थालाई संशोधन गर्नुपर्नेमा जोड दिन्छौं।

३. हिमाल तथा पहाडका तथा तराईका समेत कतिपय स्थानीय पालिकाको आन्तरिक आम्दानी निकै कमजोर छ। त्यस्ता पालिकाहरूमा सम्पूर्ण अनुदानको रकमले केही राहत दिएको छ। उक्त रकम यदि संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने स्थिति आएमा त्यसले स्थानीय तहलाई आफ्नो खर्च धान्न निकै मुस्किल पर्नेछ। त्यसैले उक्त विधेयकको समपूरक अनुदानको रकम संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान हटाउन माननीय अर्थ मन्त्रीसँग माग गर्न चाहन्छु। धन्यवाद।

(१४:२६ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू अब संशोधन प्रस्तावकर्ता माननीय सदसस्य गोपी बहादुर सार्की आछामीलाई आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१४:२७ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधनमा मैले आफ्नो तर्फबाट पनि केही संशोधन प्रस्ताव गरेको छु। हुन त यो अलिकति अध्यादेश आइसकेपछि पनि हामीले अस्वीकृतिको सूचना दर्ता गरेका थियौं। सैद्धान्तिक छलफल यो प्रकृयागत हिसाबले हामी अगाडि बढ्यौं र कतिपय Issue हरू यस्तो खालको उठ्यो तीन महले नभएको ऐन हाम्रो नियमावलीसम्मत नभएको भन्ने विषय केही चर्चा परिचर्चाकै बीचमा हामीले माननीय अर्थ तथा उपप्रधानमन्त्रीज्यूसँग बसेर छलफल गरेका थियौं। एउटा निकास पनि दिनुपर्छ र कतिपय कुरा हामीले विधान ऐनकै विषय उठाएर विधायन ऐनसँग बाझिएका कुराहरूलाई संशोधन गर्नुपर्छ सम्बोधन गर्नुपर्छ भन्ने थियो र उहाँले ओपन माइन्डले म छलफल

गर्छु तपाईंहरूले उठाएका विषयहरू संशोधनमा आओस् भनिसकेपछि फेरी हामी यो छलफलमा पनि गयौं। छलफलमा जाने क्रममै फेरि अर्को सरकारले कुलमान घिसिङको झैं निर्णय गरिसकेपछि विषय अर्को आयो र यो अलिकति तनाव जस्तो पनि र अलि हामी पेचिलो ढंगले छलफलमा गयौं। त्यो कारणले आज हुन त ८/१० घण्टापपछि यो कोमामा जाने नै रहेछ। सामान्य प्रधानमन्त्रीज्यूले  सचेततापूर्वक आएर यहाँ सम्बोधन गरिसकेपछि जुन हामीले विषयको रूपमा उठाएका थियौं र त्यो भइसकेपछि यो समस्याको हल भयो यो खुसीको कुरा पनि हो। मेरो आफ्नो सरकारलाई सुझाव के छ भन्देखि अध्यादेशहरू ल्याउँदा खेरि कम्तीमा पनि सबै पोलिटिकल पार्टीहरू चाहे सत्ता पक्ष होस् या प्रतिपक्ष होस् सबैसँग  बस्ने, छलफल गर्ने र राज्यका आवश्यकतार प्राथमिकताहरू निर्धारण गरेर संविधान प्रदत्त कानुनको कार्यान्वयनको लागि र जनतालाई डेलिभरीलाई चुस्त दुरस्त र व्यवस्थित गर्नका लागि आवश्यक पर्ने कानूनहरू बनाउँदाखेरि संशोधन गर्दाखेरि अध्यादेशको रूपमा ल्याउँदाखेरि एउटा राजनीतिक सहमति सायद यो हिजोको राजनीतिक सहमति नबनेको भए आज यो स्थिति आउँछ होला जस्तो पनि लाग्दैनथ्यो, यो पक्कै पनि कोमामै जान्थ्यो। यो वातावरण बन्यो यो खुशीको कुरा पनि हो।अब आउँदा खेरि  त्यसरी आयो भनेदेखि यो राम्रो हुन्छ भन्ने लाग्छ किनभने हामी एउटा परिवर्तित परिस्थिति र सन्दर्भमा पनि छौ र जनताको अपेक्षा र माग पनि धेरै छ। हामीसँग आशा भरोसा र विश्वास पनि छ तर त्यो टुट्दै टुट्दै गएको स्थिति पनि छ यसलाई पनि हामीले ध्यान दिनुपर्छ होला भन्ने लाग्छ। मलाई के लाग्छ भने अहिले हामीले संशोधनमा त धेरै कुरा उठाएकै छ। त्यो विषय माननीय मन्त्रीज्यूसँग पनि हामीले छलफल गर्‍याछौं। र अनि देशको परिस्थिति अर्थतन्त्रको स्थितिले हेर्दाखेरि पनि मैले अस्ति पनि सैद्धान्तिक रूपमा छलफल गर्ने क्रममा एउटा आर्थिक अनुशासनको आवश्यकता छ। यदि यो आर्थिक अनुशसनलाई हामीले कायम गर्न सकेनौ भने राजस्वले कर्मचारीको खर्च र नियमित खर्च पनि धान्न नसक्ने स्थिति, पुँजीगत खर्च हुन नसकिराखेको स्थिति र अनि फेरी राज्यमा ऋण पनि बढ्दै गएको स्थिति हुँदा खेरि र जनअपेक्षाहरू हुँदाखेरि हामीले एउटा वित्तीय अनुशासन कायम गर्न सकेनौं भने आर्थिक अनुशासन कायम गर्न सकेनौं भने बजेटमा अनुशासन कायम गर्न सकेनौं भने योजना छनोटमा पनि हामीले अनुशासन कायम गर्न सकेनौं भने हामी सधैंभरि पावर र पहुँचको भरमा मात्रै योजनाहरू छर्ने तर त्यसको उपलब्धि नहुने स्थिति देशमा भयो भने पक्का पनि मलाई के लाग्छ भने देखि हामी वित्तीय हिसाबले पनि एउटा संकटतर्फ देश जाँदै गरेको छ र त्यो चरम संकट र अहिले बाहिर जे देखिएको छ जनतामा असन्तुष्टि र त्यो असन्तुष्टिलाई  एकथरी प्रतिगामी शक्तिहरूले  भजाउन जे कोशिस पनि गरिराख्याछन् त्यो स्थितिलाई हेर्दा खेरि पनि हामी गम्भीर हुनुपर्छ भन्ने मलाई लाग्छ र मैले धेरै कुराहरू संशोधनको प्रस्तावमै धेरै कुराहरू राखिसकेको भएको कारणले गर्दा

खेरि मैले आफ्नो यत्ति विषय राख्न चाहन्छु। र अभिवादन भन्दै बिदा हुन चाहन्छु। हस्त अभिवादन।

(१४:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सुरेश कुमार आलेमगरलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१४:३१ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम आज ईद उल फित्र मुस्लिम समुदायको महान् चाड, यस अवसरमा म राष्ट्रिय सभाका मुस्लिम समुदायका एकमात्र माननीय मेरे दोस्त मेरे हम सफर मोहम्मद खालिदज्यूलाई इद मुवारक भन्न चाहन्छु। र साथसाथै यस अवसरमा सम्पूर्ण मुस्लिम समुदाय लगायत सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु। आज निकै दिनको कौतुहलतापछि रस्साकस्सीपछि सम्माननीय प्रधानमन्त्रीज्यूले आएर यहाँ आफ्नो धारणाहरू राख्नुभयो। त्यसको लागि उहाँलाई धन्यवाद दिन चाहन्छु। तर कुलमानको सम्बन्धमा कुलमान फगत एउटा कर्मचारी मात्र होइन। हामीलाई थाहा छ उहाँ राजनीतिक हिसाबले नियुक्त हुनुभएको राजनीतिक नियुक्ति हो। सरकारले कर्मचारीको बारेमा सरूवा बढुवा सबै सबै गर्न पाउँछ तर कुलमान फगत एउटा सरकारी कर्मचारी मात्र होइन। १८ घण्टाको लोडसेडिङ हटाउने उज्यालोको नायक हो। उसले कुनै गलत अपराध गलत कार्य गरेको थिएन। त्यसैले उहाँलाई सरकारले हटाउँदा हामीले त्यसका विरुद्धमा प्रधानमन्त्रीज्यूले नै मन्त्रिपरिषदले निर्णय गरिसकेको हुनाले सम्माननीय प्रधानमन्त्रीज्यूले नै आएर जवाफ दिनुपर्छ भन्ने माग राखेका थियौं। यो कुरा अगाडि नै भएको भए त्यतिबेलै यो सदन खुल्थ्यो होला। तर यस सम्बन्धमा पनि अनावश्यक दम्भ अंहकार हठ कायम गरियो। त्यसले गर्दा खेरि यतिका अमूल्य दिनहरू व्यतित भए। सम्माननीय अध्यक्ष महोदय, हुन त अघि मैले यो विधेयकको दफावार छलफल यो विधेयकलाई दफावार छलफलमा लैजाने क्रममा छलफलमा नलगियोस् भन्ने पक्षमा मतदान गरेको थिएँ। तर मेरो मत पराजित भयो। लैजानु पर्छ भन्ने मत विजयी भयो। त्यसकारणले म यहाँ छलफल गर्न उभिएको छु। जहाँसम्म यो विधेयकको कुरा छ। यो विधेयक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयक अध्यादेशमार्फत आएको छ। सबभन्दा पहिले त म के भन्न चाहन्छु भन्दा खेरि यो सम्बन्धमा प्रक्रिया पनि गलत छ यसको विषयवस्तु कन्टेन्ट पनि गलत छ यस्तो यो कस्तो छ त भन्दाखेरि

बलात्कारको माध्यमबाट जन्मेको कुरुप बच्चा। प्रक्रिया पनि निरोगी कुरुप उत्पादित वस्तु पनि निरोगी कुरुप। त्यस कारणले गर्दा हामीले यसलाई अस्वीकार गरियोस् भनेर भनेका थियौं। तर प्रक्रिया अगाडि बढ्दै गयो छलफल अगाडि बढ्दै गयो र हामी यहाँ आइपुगेका छौं। यसमा सबभन्दा पहिले त हाम्रो संशोधन के थियो भन्दाखेरि यसरी छलफल गरिरहँदा सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नुपर्नेछ भन्ने पनि हाम्रो संशोधन थियो। हाम्रो समूहको त्यसमा संशोधन थियो। किनभने यो कुरा यहाँ छुटेको रहेछ। त्यसैगरी यो विधेयक पढिरहँदा हामीलाई कस्तो अनुभव भयो भने महालेखा नियन्त्रक भन्ने निकायमाथि अर्थ मन्त्रालय अर्थ मन्त्री हाबी हुन खोज्यो। त्यस्तो हो कि हैन थाहा छैन। नियत त्यो थियो कि थिएन। थाहा छैन। तर यो विधेयक पढ्दा यो अध्यादेशमार्फत आएको विधेयक पढ्दा हामीलाई त्यस्तो महशुस भयो। त्यसैले थुप्रै दफाहरू झिके हुने हामीलाई लाग्यो। यस सम्बन्धमा म के भन्न चाहन्छु त भन्दा खेरि सबभन्दा पहिले त महालेखा नियन्त्रक अर्थ मन्त्रालयकै एउटा कर्मचारी हो। अर्थ मन्त्रालयले अर्थ मन्त्रीले जे जे गराउन चाहन्छ त्यो व्यक्तिमार्फत त्यो पदमार्फत गराए भइहाल्थ्यो। यसरी थुप्रै कुरा थप्नुपर्ने जरुरी थिएन। त्यसकारणले गर्दाखेरि थुप्रै कुराहरू यहाँनिर यो संशोधनलाई झिके पुग्छ। साविकको ऐनमा फर्किए पुग्छ भन्ने हाम्रो संशोधन रहेको छ। यसमा एउटा के छ भन्दा खेरि त्यही एउटा नौलो खालको संशोधन त्यहाँ नभएको हाम्रो छ। त्यसैगरी ११(२) मा मन्त्रालयको सिफारिससँगै संसदको स्वीकृतिमा होस् भन्ने हाम्रो भनाई छ। किनभने त्यसमा हामीले बजेट पास गरेर पठाइसकेपछि संसदले हामीलाई केही गर्न सक्दैनौं। त्यसले त्यहाँनिर अर्थ मन्त्रालयले आफ्नो मनोमानी नगरोस् भन्ने हिसाबले हामीले यो सदनको पनि स्वीकृति लियोस् भनेर भन्न खोजेका थियौं। अन्त्यमा, म हामीले जुन संशोधन पेस गरेका छौं। यी संशोधनहरू पनि यो विधेयकलाई यो कानुनलाई समृद्ध बनाउने हिसाबले ल्याएका थियौ। त्यसैले हामीले प्रेस गरेका संसोधनहरू पारित गरियोस् भन्ने कुरा जोडदार रूपमा राख्न चाहन्छु। र यो विधेयक त्यो भन्दा पनि अगाडि हामीले त शुरुमा नै यो विधेयक यो अध्यादेश अस्वीकृत गरियोस् भनेर हामीले भनेका थियौं। त्यसैले यो विधेयकलाई अस्वीकृत गरियोस् भन्ने धारणा राख्दै म बिदा हुन चाहन्छु। धन्यवाद। अभिवादन।

(१४:३६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ को संशोधन प्रस्ताव सहित विधेयक माथिको दफाबार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यले आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई २ मिनेट भित्र

उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य भुवन बहादुर सुनार।

(१४:३७ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, हामीले यो अध्यादेश ठिक भएन र यो गलत प्रक्रियाबाट आइरहेको छ। र खासै यसले एउटा सार्थकता दिँदैन भन्दाभन्दै पनि यो अहिले प्रतिस्थापन विधेयकसम्म आइपुग्यो र अहिले हामी त्यसैको संशिधनको सवालमा छलफल गरिरहेका छौं। र यही सम्बन्धित विषयवस्तु माननीय सुरेश आलेले र राखिसक्नु भएको छ। र पनि के हो त भन्दा यो आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयकको यो प्रतिस्थापित विधेयकको कन्टेन्ट आउँदाखेरिमा यसले खास गरेर यो अर्थ मन्त्रालय हाबी हुने अवस्था सिर्जना बनेको छ। यसो हेर्दाखेरिमा यो हिजो महालेखा परीक्षकले यसको नियन्त्रण गर्ने भन्नेमा अगाडि अर्थ मन्त्रालय जोडिनु र धेरै बुँदाहरूमा त्यस्ता कुराहरू थपिनुले गर्दा यो एकदम उपयुक्त छैन भनेर हामीले यसको यसको कन्टेन्टमा हामीले त्यस्तो उप दफाको १ झिकी त्यसपछिका दफाहरू मिलाउने भनेर संशोधन गरिएको छ। त्यस्तै गरेर अर्को यो ११(२) को दफा २० मा थप्न प्रस्ताव उपदफा (४) मा रहेको मन्त्रालयको सिफारिस भन्ने शब्दको सट्टा मन्त्रालयको सिफारिस र सङ्घीय संसदको स्वीकृतिमा भन्ने शब्द थपिएको छ। राखिएको छ। किन त्यसो भनिएको त भन्दा रकमान्तर गर्दा यसै त त्यो आफु खुसी भयो त्यो ठीक ठाउँमा गएन। शंका उपशंकाहरू पैदा भइरहेको बेलामा अझ तथा कार्यक्रम संशोधन भनेर झन् विषयवस्तु नै अन्त लैजान सक्ने बजेटै अन्त लैजान सक्ने मनसायले यो अध्यादेश मार्फत झन् बढी निरंकुश भएर आयो। त्यसैले गर्दा यो बजेट यो बजेट रकमान्तर गर्नुपर्दा संघीय सांसदको स्वीकृति लिएर मात्रै यसलाई रकमान्तर गर्न सकिने भन्ने विषय अगाडि बढाइएको हो। र यसरी यो विधेयक ठीक तरिकाले आएन भनेर हामीले यसलाई वहिष्कार गरेका छौं र म पनि यसलाई (समय सकियो)..

(१४:४० बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य रेनु चन्द।

(१४:४० बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, प्रक्रियागत रूपमा यो गलत भएको छ भन्ने कुरामा पुनः स्मरण गराउन चाहन्छु। दोस्रो कुरा strongly म के भन्न चाहन्छु भने यो विधायन ऐनको विपरीत रहेका प्रावधानहरू हटाउनै पर्छ। यो किन पनि भनेपछि अघि दुईटा मन्त्रीहरूको जवाफ सुन्दाखेरि

ऐनमा गल्ती भएको छ। नियमावलीमा सुर्दाछु भन्ने कुरा यो हामीले पत्याई दिनुपर्ने यो कस्तो सिचुएसन आइ लागेको छ। पत्याएर पास पनि भइसक्यो। पास भएका साथीहरू पनि अहिले मनमनै सोंचि राख्नुभयो होला के पास गरें भनेर। त्यसैले यो हाम्रो संशोधन जो रहेको छ यसमा पहिला त यो ८ को ४ मा अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको लागि आय व्ययको अनुमान तयार गर्नु अघि सङ्घीय संसदमा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा फागुन महिनाको ७ गते भित्र सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ भन्ने संशोधन रहेको छ। प्रि-बजेट छलफल गत वर्ष यो बेलासम्म भइसकेको थियो। अहिले प्रि बजेट छलफलको पनि कुनै कुराकानी छैन। त्यसैंले कम्तीमा सिलसिलामा त हुनपर्‍यो चिजहरू। यो विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। यसमा यो संशोधनमा ध्यान जाओस् अर्थमन्त्रीज्यूको उपप्रधानमन्त्रीज्यूको भन्न चाहन्छु। त्यसपछि गएर ११ को (१) मा यो उपदफा (१) झिकी त्यसपछिका दफा क्रम मिलाउनुपर्ने हाम्रो संशोधन रहेको छ। अर्थ मन्त्रालय हाबी हुने गरी हुनुहुँदैन। अब सम्माननीय उपप्रधानमन्त्रीज्यू माननीय मन्त्रीज्यू नै कन्टिन्यु गर्ने हो लामो समयसम्म भने यो पास गरम हैन उहाँ उपप्रधानमन्त्री भइसक्नुभयो त्यो भन्दा अगाडि पनि जाने इच्छा होला। त्यसो गर्ने हो भने यो जरुरी छैन । महालेखा नियन्त्रक छँदै छ भन्ने मेरो कुरा हो। त्यसपछि ११ को (२) मा पनि यो मन्त्रालयको सिफारिस र सङ्घीय संसदको स्वीकृति भन्ने शब्द राख्नुपर्ने छ। अघि पनि कुरा आएको छ। योजना पास गर्ने सदनले, रकम पास गर्ने सदनले अनि वितरण गर्ने बेलामा मन्त्रालयलाई किन हाबी बनाउन खोर्जिदैछ। यो संशोधनहरू स्वीकृत गरियोस् र विधायन ऐनभन्दा विपरीत रहेका प्रावधानहरू सबै हटाउनुहोस् म पुन गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१४:४३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:४४ बजे) <u>माननीय उपप्रधान एवम् अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ का सम्बन्धमा दफावार छलफलमा भाग लिनुहुने सबै माननीय

सदस्यहरू प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। माननीयज्यूहरूले उठाउनुभएका विषयमा त्यसमा पुनरोक्ति गर्न आवश्यक ठानेको छैन। यसभन्दा अगाडि पनि हामीले यिनै विषयहरूमा छलफल गरेका छौं। माननीयज्यूहरूले बडो तर्कपूर्ण ढंगले आफ्ना विचार राख्नुभएको छ। मैले जवाफ दिने कोसिस गरेको छु।सायद हामीलाई त्यो सहमतिमा पुग्न अझै केही कोष यात्रा गर्नुपर्छ जस्तो मलाई लाग्छ। र यो लोकतन्त्रको सुन्दरता पनि हो। कि हामी छलफलका माझबाट अगाडि बढ्छौं र म यति मात्रै भन्न चाहन्छु। माननीयज्यूहरूले बडो आत्मविश्वासको साथमा जे जस्ता तर्कहरू राख्नुभएको छ। यी तर्कहरूप्रति उच्च सम्मान व्यक्त गर्दै आउने दिनमा हामी छलफल गर्दै जानेछौं भन्ने समेत पनि अपेक्षा गर्दै विश्वास व्यक्त गर्दै यो प्रस्तुत विधेयकलाई यस सभाबाट सर्वसम्मतिका साथ पारित गर्दिन सबै माननीयज्यूहरूसमक्ष हार्दिकतापूर्वक अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१४:४५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यही समाप्त हुन्छ।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक,२०८१ माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन गर्ने संशोधन प्रस्तावकर्ता माननीय सनस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:४६ बजे) <u>**माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**</u>:- सम्माननीय अध्यक्ष महोदय, छलफलमा प्रस्तुत विधेयक उपर माननीय मन्त्रीज्यूले जवाफ दिइसक्नुभएको छ। उहाँले अत्यन्त मृदु भाषा र शालीन तरिकाले जवाफ दिनुभयो तर हामीले उठाएका प्रश्नहरूको कुनै उत्तर आएन। उहाँले खसी देखाउनुभयो तर खसी खुवाउने कुरा गर्नुभयो त्यो पनि आज होइन पर्सी। त्यसैले मैले यो विधेयक चाहिँ फिर्ता नलिने कुरा यहाँलाई जानकारी दिन्छु।

(१४:४७ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, संसोधन प्रस्तावकर्ता माननीय

सदस्य तुलप्रसाद विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य गोपीबहादुर सार्की आछामीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव  फिर्ता लिन समय दिन्छु।

(१४:४८ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूले अस्ति पनि हामीलाई मिठो गरी झुक्याउनु भएको छ। अहिले पनि मिठै कुरा गर्नुभयो। सर्वसम्मत बनाऔं भनेर भन्नुभयो। मेरो यता सबै माननीयज्युलाई Request के छ भने यो हामीले राख्या संशोधन प्रस्ताव पनि सर्वसम्मत बनाऔं। त्यसलाई मैले निवेदन गरें। अर्को कुरा माननीयज्युले छोटो बोलेर मिठो बोलेर हाम्रो विषयको उत्तर पनि नदिएको कारणले गर्दाखेरि म मेरो आफ्नो संशोधन फिर्ता नलिने निवेदन गर्दछु। हवस्त् धन्यवाद।

(१४:४९ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य गोपी बहादुर सार्कीले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य गोपी बहादुर सार्की आछामीले राखु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सुरेश कुमार आलेमगरलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त प्रस्ताव संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१४:५१ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सरकारको नियत र सोँच के हो ठ्याक्कै त्यो त थाहा छैन। तर अध्यादेशलाई प्रतिस्थापित गर्दै आएको जुन विधेयक छ त्यो हेर्दा खेरि यस्तो लाग्छ, सरकारलाई लाग्छ उ सँधै सरकारमा बस्नेछ। अर्थ मन्त्रालय सधैं सधैं उसको हातमा हुनेछ। त्यस्तो हुन्छ कि हुन्न थाहा छैन। त्यस्तो होस् मेरो शुभकामना छ।तर सायद त्यस्तो नहुन पनि सक्ला एउटा कुरा।अर्को के छ फेरि भन्दा खेरि यो हठ अहङ्कार दम्भ त ठिक होइन। यसले ठिक होइन बेठिक नै गर्छ र विनाशै गर्छ। म त्यसको पक्षमा बिल्कुलै छैन र देशको प्रमुख अगुवाले नै बेलाबेला हठ देखाउने गरेको हुनाले यो सन्दर्भमा चाहिँ म त्यो कायम गर्न चाहन्छु।

अनुसत्यलाई अनुशरण गर्न चाहन्छु।यो मेरो संशोधनको सम्बन्धमा मेरो हठ मेरो जिद्दी कायमै छ। तुल प्रसाद विश्वकर्मा माननीयज्युले भन्नुभए जस्तै उपप्रधानमन्त्रीज्युले देखाउनुभयो खसी, दिनुभयो फर्सी, त्यही पनि पर्सी। त्यसकारणले मेरो यो संशोधन फिर्ता नलिने घोषणा सगौरव, सहर्ष घोषणा गर्न चाहन्छु। यो जानकारी गराउन चाहन्छु सम्माननीय अध्यक्षज्युलाई। धन्यवाद।

(१४:५२ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सुरेश कुमार आलेमगरले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

-“हुन्न”

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले “प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सुरेश कुमार आलेमगरले राखु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि २० सम्मका दफाहरू प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि २० सम्मका दफाहरू बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्” भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:५६ बजे) <u>**माननीय उपप्रधान एवं अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५६ बजे) <u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक २०८१ पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।
-“हुन्छ”
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।
-“हुन्न”

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस्” भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको

दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:५७ बजे) **मानननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:५७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको दफावार छलफल प्रारम्भ हुन्छ। यस विधेयकमा सातजना माननीय सदस्यहरूबाट दुई समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु।

सर्वप्रथम, संशोधन प्रस्तावकर्ता माननीय तुल प्रसाद विश्वकर्मालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१५:०२ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐनलाई संशोधन गर्नुपर्ने विधेयक, २०८१ उपर को छलफललाई मैले बुँदागत रुपमा राख्न चाहन्छु।

१. तत्कालीन पञ्चायती व्यवस्थाले भित्र्याएको उदारीकरण, २०४९ सालमा बनेको काङ्ग्रेसको सरकारले निजीकरणलाई कार्यान्वयन गरेर अगाडि बढाएका थिए। निजीकरण गरेका दर्जनौं सार्वजनिक कलाकारखाना उद्योगधन्दा टाटपल्टेका छन्। विदेशी मित्रराष्ट्रहरूको सहयोगमा वा सरकारको लगानीमा बनेका सार्वजनिक प्रतिष्ठानहरूलाई निजीकरण गर्नु पछाडि निजीकरण गरिएको वा राज्यले हात झिकेका कलकारखाना उद्योगधन्दाको राम्रो विकास हुन्छ भनेर सरकारले तर्क दिँदै आएको छ। तर व्यवहारमा त्यसको ठिक उल्टो देखिएको छ। निजीकरण भएपछि ती प्रतिष्ठानहरू विकास हुनुको सट्टा ती संस्थान टाट पल्टिएका पल्टी हुँदाहुँदा ती संस्थानहरूले चर्चेको जग्गा समेत Plotting गरेर बिक्री गरी खाने षड्यन्त्र पनि विभिन्न ठाउँमा देखा परेको छ। त्यहाँ भएका औजार, मेसिन समेत भारतका कतिपय उद्योगमा पुऱ्याएर हिनामिना गरिएको छ।

२. तत्कालीन अर्थमन्त्री राम शरण महतले निजीकरणको नाममा त्यो काम गरेका थिए तर आफूलाई समाजवादी भन्ने अर्थमन्त्रीज्यूले सोझै निजीकरण भन्न नसकेर वा सोझै कान नसमातेर घुमाउरो पाराले कान समात्न खोज्नुभएको छ। सरकारले सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन भन्ने शब्द राखेर भ्रम दिन खोजिरहेको छ।

३. निजीकरणमा जाऊ राज्यले सार्वजनिक प्रतिष्ठानमा गरेको लगानीबाट हात झिक राज्यको काम व्यापार गर्ने होइन भनेर हाम्रो जस्तो आर्थिक रूपले कमजोर मुलुकलाई पश्चिमाहरूले अर्ति दिने गरेका छन्। तर निजीकरणका कारण अमेरिका बेलायतहरूसितका पश्चिमा मुलुकहरूमा देखिएको भयङ्कर ठुलो संख्यामा मजदुर कर्मचारीको कटौती तथा व्यापारिक संस्थानहरूको टाट पल्टाइका कारण देखा परिरहेको बेरोजगारी र आर्थिक संकटले भयावह रुप लिएको छ। यदि निजीकरणबाट विकास वा समृद्धि हुने भए अमेरिका लगायतका पश्चिममा मुलुकहरूले बेरोजगारी तथा आर्थिक संकटको चक्रब्यूहमा फस्ने थिएनन्।

४. २०४९ साल देखि थालिएको निजीकरणको प्रयोग र अभ्यास हामीले देखि सकेका छौं। सरकारको लगानीमा खोलिएका प्रतिष्ठान व्यक्ति विशेषलाई कौडिको मूल्यमा

बेचेर सरकार सामाजिक उत्तरदायित्वबाट पन्छिने र मुलुक संकटमा परेका बेला व्यापारीहरूले त्यसको उचित लाभ उठाउने पनि गरेका छन्। त्यसैले निजीकरणको नाममा प्रतिष्ठानहरूमा सरकारी लगानीलाई व्यवस्थापन गरेर व्यक्ति विशेषलाई सुम्पिनु गलत हुन्छ। धन्यवाद।

(१५:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय समस्यारूको तर्फबाट माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१५:०३ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि हामीले राखेको संशोधनको सन्दर्भमा हामी छलफल गरिराखेका छौं। यो संविधानमा हामीले जे समाजवादउन्मुख समाजको राजनीतिक व्यवस्थाको अर्थव्यवस्थाको परिकल्पना गरिराखेका छौं त्यो परिकल्पनालाई हामीले कसरी सम्बोधन गर्ने? हामी निजीकरणको पक्षमा छौं या राज्यका सम्पति स्रोतसाधनहरूको व्यवस्थापनलाई कुशलतापूर्वक अहिलेको समस्या भनेको निजीकरण भन्दा पनि राम्रो व्यवस्थापनको कुरा मुख्य र महत्वपूर्ण हो जस्तो लाग्छ। मैले हेरिराख्या छु राज्यका थुप्रै प्रतिष्ठानहरू बिराटनगर जुट मिल छ, उदयपुर सिमेन्ट कारखाना छ, हेटौंडाको सिमेन्ट कारखाना छ, गोरखकाली रबर उद्योग छ, चिनी मिलहरू, त्यसपछि हेटौंडा कपडा कारखाना लगायतका जति पनि राज्यका सम्पतिहरू छन्। ती राज्यका सम्पतिहरू व्यवस्थित ढंगको व्यवस्थापनको अभावको कारणले गर्दाखेरि समस्यामा छन्। राज्यले चलाएका प्रतिष्ठानहरू मोडेल जस्तो हुनुपर्ने। बिग्रिएको मोडेल जस्तो सकारात्मक होइन नकारात्मक नमूना जस्तो जुन खालको बन्ने स्थिति छ त्यो हामीले असाध्यै गम्भीरतापूर्वक छलफल गर्नुपर्ने र यसमा साझा धारणा बनाएर जानुपर्ने यो अहिलेको वास्तविकता हो, अहिलेको आवश्यकता हो। यो कुरामा म माननीय मन्त्रीज्यू र सरकारको ध्यानाकर्षण पनि गर्न चाहन्छु।

यहाँ थुप्रै संशोधनहरू छन्। एक दुईवटा कुरा खण्ड १ (ख) थपिएको छ भन्ने शब्दको सट्टा खण्ड “ख” (१) (२) (३) र (४) थपिएको छन् भन्ने शब्द राख्ने भन्ने एउटा गऱ्या छौं। १ थप्न प्रस्तावित खण्ड १ (क) को अन्त्यमा र त्यसको प्रतिष्ठान पहिचान क्रममा प्रतिष्ठान सम्वन्ध स्थानीय समुदाय श्रमिक सहितका सबै सरोकारवालाहरू संग सार्वजनिक परामर्श गर्नुपर्ने भन्ने शब्दहरू थप्नुपर्ने भनेर यहाँ राखिएको छ। अरू त थुप्रै छन्। त्यसमा पनि खण्ड २ अनुसार

प्रतिष्ठानमा विदेशी पुँजी लगानी गरी व्यवस्थापन गर्दा त्यसले देशलाई उपनिवेश नबनाओस् भन्ने तर्फ गहिरो अध्ययन अनुसन्धान गर्नुपर्ने र खण्ड ४ प्रतिष्ठानको जमिनको स्वामित्व निजी क्षेत्रलाई बिक्री गरिने छैन भन्ने अब त्यसको मूल उद्देश्य के हो निजी क्षेत्रलाई राज्यका प्रतिष्ठानका सम्पतिहरू  हक हस्तान्तरण गर्ने बेच्ने खालको पनि हो कि के हो भन्ने एउटा आशंका पनि छ। त्यसकारणले गर्दाखेरि यो कुरामा राज्य सरकार गम्भीर बन्नुपर्दछ भन्ने मलाई लाग्दछ। हुन त अहिलेको हाम्रो राजनीतिक व्यवस्था संविधानमा गरिएको प्रबन्ध त्यसको सोंच जे भए पनि के छ भने हाम्रो समाज त वर्गीय हिसाबले वर्गमै विभाजित छ। वर्गमा विभाजित समाज भएको कारणले गर्दाखेरि स्वाभाविक रूपमा फेरि केरे पुँजीपति वर्ग र श्रमिक वर्ग पनि छन् त्यहाँ। तर हामीले सोंच्दाखेरि र हाम्रो अर्थमन्त्रीज्यू एउटा मार्क्सवादी विचार र त्यो दर्शनबाट प्रेरित र गाइडेड भएको कारणले गर्दाखेरि हामीलाई चाहिएको भनेको सामूहिक पुँजी हो। राज्य नियन्त्रित पुँजी हो। र हामीले त्यसलाई समाजवाद तिर समाजलाई लाने उद्देश्य प्रेरित हामीलाई त्यो खालको अर्थव्यवस्थाको आवश्यकता देशमा छ। त्यसकारणले गर्दाखेरि म यो completely निजीकरण भन्दा पनि राम्रो व्यवस्थापनमा नै सरकारले ध्यान दियोस् भन्ने निवेदनसहित मेरो आफ्नो संशोधनलाई सबै माननीयज्यूहरूले सर्वसम्मत पास अथवा पारित गरिदिन पनि निवेदन गर्छु। धन्यवाद।

(१५:०७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन), २०८१ को संशोधन प्रस्ताव सहित विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई दुई मिनेट भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्छु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१५:०८ बजे) <u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, अब य हामीले यो निजीकरणको बारेमा धेरै पल्ट कुरा उठायौं। अनि यहाँ ग्रुपमै छलफल गर्न पाइन्छ भनेर ग्रुपमै हालेको हो मैले संशोधन। अब यहाँ बुँदागत रूपमा हामीले त्यहाँ पनि लेखेर दिएका छौं। यो बुँदागत रूपमा फेरबदल गर्नुपर्ने घटाउन बढाउनुपर्ने कुरा त्यसरी त्यसलाई गरियोस् भन्ने म यो माग राख्दछु। यो अब पास भइहाल्यो भइहाल्यो भनेर नभन्दिनको लागि पनि म अनुरोध गर्दछु। यो ऐन, नियम, कानुन

भनेको प्रतिपक्षलाई मात्रै होइन। यो आज हामीले जुन नियम जुन ऐन बनाउँदै छौं यो भोलि सत्तापक्षका माननीयज्यूहरूले पनि यसलाई मान्नै पर्छ। आज हामीले गल्ती गऱ्यौं भने त्यसले उहाँहरूलाई पनि पछुतो लाग्नेछ। यो कुरा उहाँहरूले भन्दा पनि अब ह्विप लागेर होला उहाँहरूले भित्र मनमा लागे पनि त्यो कुरा गर्न सक्नु भएन। अब उद्योग निजीकरणको विषयमा बन्द भएका उद्योगहरू निजीकरण गरेका उद्योगहरू कति चलेका छन् त उनीहरूको अवस्था के छ त। अहिले त त्यो चल्या छैन त्यसरी। अनि त्यो उद्योगहरू पूराना उद्योग बन्द गर्ने निजीकरण गर्ने हो भने नयाँ उद्योग कतिवटा खुले त। ती उद्योगहरू पनि एउटा खुल्या थाहा छैन हामीलाई। एउटा मात्रै पनि उद्योग चल्यो भने निर्माण भयो भने ल उद्योग चल्न थाल्यो। यो पूरानो उद्योगलाई यसरी दिउँ। नयाँ उद्योगलाई फेरी सञ्चालन गरौं भन्ने कुरा छैन त। त्यो कुरा नभएपछि अब हामीले यसो गर्न हुँदैन भनेर बारबार हामीले कुरा उठाउँदाखेरि सरकारको पक्षबाट मन्त्रीज्यूहरू के भन्नुहुन्छ हामी यस्तो व्यापार गरेर बस्ने हो? अब उद्योग चलाएर के गरेर के कपडा बेचेर, सिमेन्ट बेचेर बस्ने हो। होइन हामी सरकार चलाउने हो देश चलाउने हो भन्नु भाछ। त्यो कुरा ठिकै होला। त्यो कुरा मान्न सकिएला। तर कतिपय मन्त्रीहरू पनि त व्यापारी हुनुहुन्छ। त्यो त मान्न करै लाग्ला। भनेपछि यी सबै कुराहरू यो देख्दा देख्दै पनि निजीकरणले असाध्यै बजार लिन खोज्यो। अब उद्योग दिन प्रतिदिन हिजो मात्र एउटा उद्योग, अस्ति मात्रै एउटा उद्योग जल्यो। मान्छे मऱ्यो अब त्यो सबै टाइम नै सकियो। त्यो उद्योग कसरी जल्यो? किन जल्यो? एउटा आयोग गठन गरेर त्यसको छानबिन होस् भन्ने माग गर्दछु। धन्यवाद।

(१५:११ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:११ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u> :- सम्माननीय अध्यक्ष महोदय, निजीकरण privatization यो शब्द नै वास्तवमा मिठो र रुचिकर छैन। राज्यले सकेसम्म निजीकरणमा जान हुँदैन। तर पनि हाम्रो जस्तो देशमा स्रोत साधनहरूको अभाव, पुँजीको अभाव, दक्ष जनशक्तिको अभाव हुने कारणले यतातिर जानुपर्ने बाध्यता पनि हुन्छ होला। यदि त्यसै हो भनेपनि एकदम सीमित मात्रामा गर्नुपर्ने हुन्छ र त्यसैगरी सकेसम्म त जुन उद्योगहरू सञ्चालन गर्न सकेर स्थापना भइ भएर पनि सञ्चालन गर्न सकेको छैन राज्यले। सरकारले त्यसलाई सञ्चालन गर्ने कोशिस गर्नुपर्ने हुन्छ। र सकिदैन भने त्यस अर्थमा मात्रै निजीकरण गरेर जानुपर्ने हुन्छ। त्यसो गरिरहँदा त्यसो गरिरहँदा निश्चित रुपमा हामीले धेरै सतर्कता अपनाउनुपर्ने हुन्छ। त्यसो गर्दाखेरि विगतमा जस्तै बाँसवारी छाला जुत्ता

कारखाना, हरिसिद्धि इट्टा टायल कारखानाको जस्तो हबिगत नहोस् भन्नेतिर ध्यान दिनु दिनुपर्ने हुन्छ र त्यसका निजीकरण गरिएको उद्योग कलकारखानाका सम्पतिहरू जायजेथा जे छन्। त्यो निजीकरण गरेर लैजाने व्यक्तिले त्यस्तो पुँजीपतिले त्यसको दुरुपयोग गर्न नपाओस् भन्ने तिर ध्यान दिनुपर्ने हुन्छ। जस्तै उदाहरणको लागि हरिसिद्धि इट्टा टायल कारखानाको जुन मसिनहरू थिए। ती सबै कता कता पुगे त्यो थाहा छैन। साथै तिनले चलाए पनि होलान्। त्यति मात्रै पनि होइन।

सम्माननीय अध्यक्ष महोदय, हरिसिद्धि इट्टा टायल कारखाना स्थापना भएको जग्गा पनि निजीकरण गरेर लिने व्यापारीहरूले ती मान्छेहरूले बिक्री गर्न खोजेका थिए। सायद बिक्री पनि हुन्थ्यो होला तर हरिसिद्धि इट्टा टायल कारखानामा हरिसिद्धि इट्टा टायल कारखानाको छेउछाउका जनताले सशक्त प्रतिरोध गरेको हुनाले ती निजीकरण गरेर लैजाने व्यक्तिहरूले त्यसलाई बिक्री वितरण गर्न सकेनन्। त्यो जग्गा अहिलेसम्म एक प्रकारले सरकार कै नाममा कायम छ। यदि निजीकरण गर्ने हो भने पनि सरकारले त्यता तर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ। यो विधेयकमा यो विधेयक अध्यादेशलाई संविधानलाई मिचेर पर ठेलेर ल्याएको अध्यादेशलाई प्रतिस्थापित गर्दै आएको यो विधेयकमा त्यस्ता कुराहरू मैले देखिन। त्यसकारणले त्यो सम्भव छ कि छैन मलाई थाहा छैन। नियमावलीको कुरा आछ। ऐनमै त छैन भने नियमावलीमा के होला? मलाई विश्वास छैन। तर पनि यदि त्यसो निजीकरण गर्ने हो भने निश्चित उद्योग धन्दा, कलकारखानाहरूलाई निजीकरण गरेनौ भने त्यता तिर ध्यान दिनु पर्ने हुन्छ। त्यसो भयो भने मात्रै केही हदसम्म निजीकरण गरिएको फाइदा होला। होइन भने विगतमा विभिन्न मित्र राष्ट्रहरूले बनाइदिएका कलकारखाना उद्योग धन्दाहरूको जुन हविगत भयो। त्यस्तो हविगत सरकारले अहिले गर्न लागेको निजीकरण गर्न लागेको उद्योग धन्दा कलकारखानाहरूको पनि हुनेछ। धन्यवाद।

(१५:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू अब माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:१५ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक, २०८१

माथि यहाँ दफावार छलफलमा भाग लिनुहुने सबै माननीयज्यूहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। र हामीले यस विधेयक उपर विगतमा पनि  विभिन्न सन्दर्भमा छलफल गरिसकेकै छौं। विषयहरू आएका पनि छन्। कतिपय दोहोरिएका पनि छन् र दोहोरिँदा पनि कतिपय सन्दर्भमा नयाँ तर्कका साथमा माननीयज्यूहरू आउनुभएको छ। यो सबै अभिव्यक्तिका लागि, तर्कका लागि, प्रस्तुतिका लागि सबै माननीयज्यूहरूलाई फेरी पनि धन्यवाद भन्न चाहन्छु। यसमा दुई तिनवटा कुरा। एउटा माननीयज्यूहरूको चिन्ता कहाँनिर छ भन्देखिन् हिजो यस्तो भयो हिजो यस्तो भयो भनेर हिजोको सन्दर्भलाई स्मरण गर्नु भाछ। सामाननीयतः हिजोको सन्दर्भलाई स्मरण गरिन्छ पनि। त्यसलाई मैले अनुचित पनि मान्दिन। र म यति मात्रै भन्न चाहन्छु कि माननीयज्यूहरू सम्माननीय अध्यक्षज्यू मार्फत म अनुरोध गर्न चाहन्छु इतिहास यो सेलरोटी जस्तो घुम्दैन। इतिहास स्प्रीङ् जस्तो घुम्छ। हिजोको घटना हुबहु त्यस्तै गरिकन् दोहोरिदैन। त्यसकारणले पहिलो कुरो यस तर्फ म माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु। इतिहास सेलरोटी जस्तो घुम्दैन। इतिहास स्प्रीङ्ग जस्तो अगाडि बढ्छ। हिजो कै दृष्य हिजो कै अभ्यास हुबहु हुँदैन भन्ने कुरामा म राख्न चाहन्छु। दोस्रो माननीयज्यूहरूको चिन्ता कहाँ निर छ भने सार्वजनिक प्रतिष्ठानहरू जो राज्यको लगानी छ त्यो राज्यको लगानी खासगरी जमिनमा रहेको लगानी त्यो समेत पनि बेचेर No where हुन्छ कि सरकार भन्ने यहाँहरूको चिन्ता छ। त्यो चिन्तालाई म जायज मान्छु। र यो चिन्ता प्रति यो विधेयक सचेत पनि छ। दोस्रो मैले कुरा राख्न चाहन्छु। तेस्रो कुरा समाजवादको सन्दर्भमा माननीयज्यूले यद्दपी संविधानमा समाजवाद हाम्रो साझा गन्तव्य हो। संविधानले स्पष्ट गरे कै छ। यद्दपी बुझ्या समाजवाद के हो? समाजवादमा कसरी पुगिन्छ भन्ने बारेमा हाम्रा आआफ्नै बुझाइहरू हुन सक्छन्। तर फेरि पनि समाजवाद मैले बुझ्दाखेरी समृद्धि र समृद्धि त्यो समृद्धिको जगमा मात्रै समाजवाद सम्भव छ। समृद्धिमा आम नागरिकको न्यायपूर्ण पहुँच। त्यो समाजवाद हो। त्यसकारणले हामी त्यस दिशा तर्फ जाने गरी नै जानुपर्छ। सार्वजनिक प्रतिष्ठानहरूलाई यो अहिलेको विधेयकको मुख्य मर्म के छ भने सार्वजनिक प्रतिष्ठानहरूमा रहेको सरकारी लगानी व्यवस्थापन गर्नुपर्‍यो। सरकारी लगानी डुब्यो। त्यो लगानी व्यवस्थापन हुनुपर्‍यो। त्यसले प्रतिफल दिनुपर्‍यो भन्ने उद्देश्यमा यो विधेयक केन्द्रित रहेको हुनाले तद अनुकूल नै यसलाई लिनुहुनको लागि म सबै माननीयज्यूहरूलाई हार्दिकता पूर्वक अनुरोध गर्न चाहन्छु र मैले आफ्नो प्रतिउत्तर यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

(१५:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि प्राप्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संशोधन प्रस्ताव कर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन फिर्ता लिन चाहनु हुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१५:१९ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्माननीय अध्यक्षज्यू, अब मन्त्रीज्यूको जवाफ सुनियो। अब निजीकरणले नै देश फल्ने फूल्ने भए पछि अब यो राष्ट्र धेरै अगाडि जाने भयो। संविधानमा हामीले समाजवाद उन्मुख लेख्याछौं। अब निजीकरण गर्दै सबैलाई कम गर्ने कुरा आयो। ठिकै छ। त्यसैले यो विधेयक प्रति मेरो असहमति हो। र यसलाई फिर्ता गर्न पर्छ र rewrite गर्नु पर्छ भन्ने आफ्नो माननीयता कायम राख्दै मैले यो संशोधन फिर्ता लिन चाहन्न।

(१५:२० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय तुल प्रसाद विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्न भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१५:२१ बजे) **माननीय श्री गोपी बहादुर सार्की अछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूले आफ्नो विषय राखेकोमा पनि असाध्यै महत्वपूर्ण सान्दर्भिक विषय राखिसक्नु भएको छ। इतिहास पूरानै दोहोरिदैन आफूले त्यसको पाठ सिक्ने हो। घटनाहरूबाट हामीले पाठ सिकेर त्यसलाई बदल्ने कुरा नै मुख्य कुरा हो भन्ने कुरा सैद्धान्तिक रुपमा म त्यो कुरामा सहमत छु। मलाई के लाग्छ भने राज्यले यो ऐन ल्याइसकेपछि एक दुईवटा काम गरोस् भन्ने मलाई के लाग्छ भने यो सातै वटा प्रदेशमा भएका सरकारी प्रतिष्ठान र उद्योगहरू एक दोस्रो कुरा कतिपय प्रदेशमा सरकारी उद्योग र प्रतिष्ठानहरू नहुदा खेरी मोडेल टाइपको किनभने देशको विकास भन्या राज्यको कुरा पनि हो। त्यसपछि निजी क्षेत्रको कुरा पनि हो र सहकारीको हामी जुन तिन खम्बे अर्थनीतिको कुरा गरिराख्या छौं। यो तीनवटालाई नै हामीले समुचित ढङ्गले व्यवस्थापन गरेर नै राज्य निर्माण गर्न सकिन्छ र राज्यले एउटा सम्पन्नता विकासको गति लिने स्थिति पैदा हुन सक्छ। त्यसकारण गर्दा खेरी यो कुरा तर्फ पनि सरकारको पक्का पनि ध्यान जानेछ र त्यता सोच्नु हुनेछ भन्ने मलाई लाग्दछ। एक दुईवटा कुरा अघि माननीयज्यूहरूले पनि भन्या जस्तै कुरा के छ भने एउटा हामीसँग दक्ष जनशक्तिको अभाव छ। स्रोत, साधन र पुँजीको पनि अभाव छ। र अनि Technology पनि अहिले जसरी विश्वमा विकसित भइराखेको Technology छ। त्यो Technology सँगको प्रतिस्पर्धा प्रतिस्पर्धी बजारको पनि समस्या भएको कारणले गर्दा खेरी र हामीले कतिपय छिमेकी देशका उत्पादनसँग नेपाली उत्पादन नेपाली उद्योग या प्रतिष्ठानले उत्पादन गरेका मालवस्तुसँग प्रतिस्पर्धा गर्दा खेरी त्यसको Cost हरू सबै हिसाबले हेर्दा खेरी ती खालका समस्याहरू पनि छन्। त्यसलाई पनि मध्यनजर गरेर हामीले कम्तीमा पनि राज्यको मातहतमा भएको प्रतिष्ठानहरूको म अझै पनि के निवेदन गर्न चाहन्छु भने राम्रो व्यवस्थापन गर्ने र नमूना बनाएर निजी क्षेत्रलाई पनि हामीले काम गर्न प्रेरित गर्ने, प्रोत्साहित गर्ने खालको वातावरण बनाउन सक्यौं भने अझ राम्रो हुन्छ भन्ने मलाई लाग्छ। मैले यति राखिसकेपछि म के निवेदन गर्न चाहन्छु भने मैले मेरो आफ्नो संशोधन जे प्रस्ताव पेश गरेको छु। त्यो सबै माननीयज्यूहरूले साझा बनाउने विश्वास सहित मेरो आफ्नो संशोधन प्रस्ताव फिर्ता नलिने जानकारी गराउँछु। हवस् त धन्यवाद।

(१५:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गोपी बहादुर सार्की आछामीले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो) संशोधन विधेयक, २०८१ को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्न भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य गोपी बहादुर सार्की आछामीले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू प्रतिनिधि सभाबाट संदेश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक,

२०८१ को अंग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

"प्रस्तावना: निजीकरण ऐन, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "निजीकरण (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१५:२७ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँदछु।

(१५:२९ बजे) **माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:३० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

-“हुन्न”

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माथिको दफावार छलफल प्रारम्भ हुन्छ। यस विधेयकमा आठ (८) जना माननीय सदस्यहरूबाट तीन समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु।

माननीय सदस्यहरू, सर्वप्रथम संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

(१५:३१ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ उपरको छलफल चलिरहेको छ। यसमा मैले आफ्नो भनाइ यस प्रकार राख्न चाहन्छु।

१. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को उपदफा (१) लाई संशोधन गरी हटाइएको छ। यो ऐन पञ्चायती कालमा जारी भएको थियो। पञ्चायतजस्तो निरङ्कुश शासनमा कालोबजारी गर्ने र अभावको फाइदा उठाई लाभ लिनेलाई सजायको दायरमा ल्याउने कानुन बनाएको थियो। तर वर्तमान गणतन्त्रात्मक सरकारले कालोबजारी गर तर राज्यलाई कर तिरको सिद्धान्त अपनाइरहेको छ। त्यसैले मूल ऐनको प्रावधानलाई कायम राख्नुपर्छ। कालोबजारीलाई प्रोत्साहन दिएर आर्थिक तथा व्यावसायिक वातावरणमा सुधार आउँदैन। न त आर्थिक लगानीमा वृद्धि हुन जान्छ।

२. विधेयकमा ३/३ करोडको राजश्व छली गर्ने व्यक्तिले पनि विगो र लागेको जरिवाना भुक्तानी गर्न निवेदन दिएमा मुद्दा नचलाउने व्यवस्था गरिएको छ। यो भन्दा अगाडि

०७६ सालको २०७६ सालको संशोधनमा ५० लाख सम्म राजस्व छली गर्नेलाई पनि यस्तै छुट दिएको थियो। यो संशोधनले राजस्व छलीको आयतनलाई बढाएर ३ करोड पुऱ्याएको छ। राजस्व छली गर्ने व्यक्ति समातियो भने उसले बिगो जरिवाना भुक्तान गरेपछि मुद्दा नचलाउने कुराले हामीले राज्यकै तर्फबाट राजस्व छलीका लागि प्रोत्साहित त गरिरहेका छैनौं ?राजस्व छली अपराध हुन्छ र त्यस्तो अपराधी सजायको भागी हुन्छ भन्ने डर वा नैतिकता व्यापारी वा व्यवसाय वर्गमा पैदा गर्नुको सट्टा राजस्व छली गर कथमकदाचित कानुनको दायरामा पऱ्यो भने पैसा तिरेर उम्किन सक्ने दण्ड उम्किन सकिन्छ भने दण्डहिनताको सन्देश दिएर न त व्यावसायिक वातावरण सुधार हुन्छ। न त लगानी नै बढ्छ।

३. मूल ऐनको दफा १३ को प्रतिबन्धात्मक वाक्यांशलाई संशोधन गरिनु हुँदैन।

४. विधेयकमा भएको मिलापत्र सम्बन्धी व्यवस्थाले पनि दण्डहीनतालाई नै प्रोत्साहित गरेको छ। एक पटक अन्जानमा कसैबाट गल्ती हुने कुरा र पटकपटक दोहोरीने कुरालाई एउटै मापदण्ड भित्र राखेर कानुन निर्माण गर्नु अन्ततः दण्डहीनतालाई नै प्रोत्साहन गर्नु हो।

५. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा पनि संशोधन गर्न खोजिएको छ। विधेयकको दफा ९ को उपदफा ४ मा दिइएको स्पष्टिकरणमा औद्योगिक दुर्घटना भन्ने शब्दावलीलाई संशोधन गर्न पर्ने आवश्यकता छ।

भन्दै मैले आफ्नो विधेयकमा यो आफ्नो बिमति रहेको जानकारी गराउँदै मैले आफ्नो यस माथिको टिप्पणी यही अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१५:३४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब अर्को संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु। समय पाँच मिनेट।

(१५:३५ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, जुन अध्यादेशबाट आएका विधेयकहरू अध्यादेशहरू अहिले विधेयकमा परिणत भएर हामी छलफल गरिराखेका छौं। अहिले विशेष गरी आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न

बनेको विधेयक, २०८१ माथि हामी छलफल गरिराखेका छौं। विशेषगरीकन यो विधेयकमा धेरै कुराहरू सुधार्नु पर्ने खारेज गर्नुपर्ने देखिन्छ। पहिले साबिक ऐनमा भएका सही कुरालाई पनि झिकिएको छ। जहाँ अपराधीहरूलाई बेथिति गर्नेहरूलाई राजस्व छली गर्नेहरूलाई कैद गर्ने, जरिवाना गर्ने, मुद्दा हाल्ने प्रावधानलाई झिकेर यहाँ फ्री छोडिएको छ, स्वतन्त्र छोडिएको छ। जति पनि मैले नाफा लिन सक्ने यस्तो किसिमको प्रावधान राखिएको छ। त्यसो हुँदा खेरी यस विधेयकको ४ (क) मा (क) मा को पूरै दफा झिक्नु पर्ने छ। त्यहाँ साविकमा के रहेछ भन्दाखेरी नेपालको सरकारले तोकेको वस्तुको व्यापार गर्ने व्यक्तिले सय कडा पच्चिस भन्दा बढी खुद नाफा लिई बिक्री गर्ने व्यक्तिलाई एक वर्ष कैद वा दुई लाख ५० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुन सक्नेछ भनेर तोकिएको थियो। तर अहिलेको सरकारले त्यसलाई झिकिदिएको छ। र जति पनि नाफा लिन सक्ने २५% भन्दा बढी नाफा लिन सक्ने जतिपनि। यो किसिमको खुला गरिएको छ। यसो हुँदा खेरी यो व्यवस्थाले थुप्रै लगानी गर्ने ठुला उद्योगीहरूलाई त नाफा होला यो त अमृतै होला। किनभन्दा हामीसँग हाम्रो सांसदज्यूहरू त्यो एउटा व्यापारी हुनुहुन्छ। मन्त्रीज्यू पनि ठुलाठुला व्यापारी पनि मन्त्रीज्यू हुनुहुन्छ। हुँदाखेरी उहाँलाई त अमृत नै होला सायद। तर साना व्यापारीहरूलाई, साना उद्यमीहरूलाई भने यसले टाट पल्टाउने देखिन्छ। यसो हुँदा खेरी यो लाई झिक्नुपर्ने मैले प्रस्ताव गरेको छु। मैले संशोधन हालेको छु। अर्को छ ५ को २ (ग) मा त्यहाँ ठाउँठाउँमा रहेका पचास लाख भन्ने शब्दहरू झिकेर तिन करोड भन्ने राखिएको छ। यसो हुँदा खेरी पहिले साबिकमा राजस्व छली गर्ने व्यक्ति जसले कर छली गर्छ राज्यलाई राजस्व छली गर्छ। राज्यलाई ठग्छ र आफ्नो निहित स्वार्थ सिद्धिको निमित्त राज्यलाई ठग्ने व्यक्तिलाई पचास लाखसम्म त्यसले राजस्व छली गरेमा मुद्दा हाल्ने। त्यसलाई जरिवाना गर्ने यो किसिमको व्यवस्थालाई अझ बढाएर ठाउँठाउँमा पचास लाख भएकोलाई झिकेर तीन करोडसम्मको तीन करोड मुनीको अब तीन करोड सम्मको राजस्व छली गर्ने यो खुल्ला गरिदियो। त्यसो हुँदा खेरि यसले पनि के देखाउँछ भन्नुहुन्छ भने ठुला व्यापारीहरूलाई घरानाहरूलाई त फाइदै हुने कुरा भइहाल्यो। तर साना व्यापारीहरूलाई भने यसले निकै घाटा हुनेछ। अथवा यो सरकारलाई, देशलाई, राज्यलाई यो राजस्व छलीबाट अझ थप ठग्ने ठग काँटा बनाउने थप लुट्ने यो किसिमको सृष्टी गर्ने देखिन्छ। यसो हुँदा खेरी अहिले जनताको जो महंगीबाट ढाड सेकिँदैछ सेकिएको छ। अहिले हेरौं बजारमा खाद्यान्नको मूल्य बढेको छ। सिमेन्टको मूल्य दोब्बर नै बढेको छ। सरियाको मूल्य बढेको छ। यही कारणले गर्दा खेरी मूल्य बढिराखेको छ। र यसले जनतालाई उपभोक्तालाई ठग्ने उपभोक्तालाई ढाड सेक्ने काम गरिराख्या छ। यसो हुँदा खेरी मैले यो धाराहरूमा यी दफाहरूमा मैले संशोधन

हाल्याछु। यो संशोधन प्रति नेपाल सरकार, सबै माननीयज्यूहरू सकारात्मक भइदिनुहुनेछ भन्ने म आग्रह पनि गरें र मेरो भनाइलाई पनि यहीँ अन्त्य गरें। धन्यवाद।

(१५:३९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसाललाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु।

(१५:४० बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्ष महोदय, यो सदनले आज बहुमतका आधारमा संविधानले नागरिकलाई प्रदान गरेका मौलिक हकसँग बाझिने मौलिकहकलाई कटौती गर्ने र यही संसदले बनाएको विधायन ऐन विपरीतका प्रावधानहरू भएको सहकारी सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक समेत पारित गर्‍यो। र अर्को गल्ति गर्‍यो। यो गल्ती क्षम्य हुँदैन भन्ने मलाई लाग्छ। अहिले त हामीले गर्‍या छौ सरकार सञ्चालन गर्नका निम्ति सरकारबाट आइहाल्यो भैहाल्यो गरम भनेर गर्‍या छौं तर हामीले यदि इतिहासको अध्ययन गर्ने मान्छेहरूले तथ्यमा आधारित भएर अध्ययन गरे भने यसमा हामीलाई क्षमा दिने छैनन् भन्ने मलाई लाग्छ। त्यसका निम्ति म फेरि पनि दुःख प्रकट गर्न चाहन्छु। अहिले हामी जुन विधेयकमा छलफल गर्दैछौं। यो विधेयकले धेरै ऐनलाई संशोधन गरेको छ। त्यसमध्ये दुइटा ऐनमा भएको संशोधन अत्यन्तै गम्भीर छ। खासगरी कालोबजारी सम्बन्धी ऐनमा व्यापारीले मालवस्तु बिक्री गर्दाखेरि २० प्रतिशत भन्दा बढी नाफा खुद नाफा लिएमा वा नाफा लिएमा एक वर्षसम्म कैद र २ लाख ५० हजार सम्म जरिवाना हुनेछ भन्ने प्रावधानलाई हटाएको छ यो संशोधन विधेयकले। यसो गरेर हामीले कालोबजारी नाफाखोरीलाई छुट दिने काम गर्दैछौ सरकारको तर्फबाट यो खालको प्रस्ताब छ। यस्तो नगरौ भन्ने अनुरोध हामीले माननीय अर्थमन्त्रीज्यूलाई गर्‍यौं। नमिलेको कुरा मिलाउला भन्ने उहाँको आश्वासन पनि हामीले पाएका थियौं। खास गरी विधायन ऐनसँग बाझिएका कुरा छन् र अरू पनि कतिपय नमिलेका कुराहरू छन् भने मिलाएर जाउला तपाईंहरूले संशोधन हाल्नुहोस् भनेर भन्नुभएको थियो। तर पछि छलफल गर्ने क्रममा त्यो केही पनि स्वीकार गर्न सकिदैन भन्ने हिसाबले उहाँ प्रस्तुत हुनु भो। त्यो पनि वास्तवमा हामीले जे खालको समझदारी बनायौं त्यस अनुसार नजाने वेठिक कुराहरू भयो। त्यो भन्दा पनि ठुलो कुरा हामी जे संशोधन गर्‍यौं यी धेरै गम्भीर छन् भन्ने कुरा मलाई लागेको हो। यस हिसाबले कालो बजारी र नाफाखोरीलाई छुट दिने कुरा गर्नु कुनै पनि अर्थमा राम्रो छैन भन्ने लागेको र यसलाई

सुधारौं भनेको त्यस्तै गरिकन् अर्को राजस्व चुहावट सम्बन्धी ऐनमा रहेको जानी जानी वा बदनियतपूर्वक कसैले राजस्व चुहावट गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस ऐनअनुसार मुद्दा चलाइने छ। यस ऐन बमोजिम मुद्दा चलाइनेछ भन्ने प्रावधानलाई हटाइएको छ। मन्त्रीज्यूको तर्क यो मेलमिलापको निम्ति हो भन्ने छ। पचास लाखलाई तीन करोड बनाएकोमा उहाँको मन्त्री माननीय अर्थमन्त्रीज्यूको तर्क मूल्य पनि त वृद्धि भएको छ नि त्यो बेलाको अहिले बृद्धि भएको छ भन्नुहुन्छ। त्यसलाई त्यो मान्ने हो भने पनि मेलमिलापका निम्ति यो गर्ने हो भनेर मान्ने हो भने पनि जब मुद्दै हामी चलाउँदैनौं। जानि जानि बदनियतपूर्वक राजस्व चुहावट गर्दा खेरी पनि हामी मुद्दा चलाउँदैनौं भने मुद्दा नचलिसकेपछि मेलमिलाप कहाँबाट हुन्छ। मुद्दा चलि सकेपछि न बल्ल मेलमिलापका निम्ति ठाउँ हुने हो। मेलमिलाप गर्नका निम्तिका लागि आउने होला। निवेदन दिने होला। म तिर्छु यो बिगो तिर्छु मैले भनेर मेलमिलाप गर्न आउला मुद्दा चल्यो भने मुद्दै चलेन भने उसले न निवेदन दिन्छ न त असुल गर्छ न त्यो भुक्तान गर्छ। केही पनि गर्दैन। यस हिसाबले छुट दिने गरी जुन संशोधन ल्याइयो यो वास्तवमा अहिलेको हाम्रो अर्थतन्त्रलाई हेर्दाखेरि पनि अथवा अहिलेको मूल्यवृद्धिको अवस्थालाई हेर्दाखेरि पनि यो कुनै हिसाबले पनि यसलाई ठिक छ भन्न सकिँदैन। त्यसकारणले यो यो हिसाबले जाने कुरा नगरौं म फेरी पनि एकदम हार्दिक अनुरोध गर्छु माननीय मन्त्रीज्यूलाई कि यसरी जाने कुरा नगरौं। कम्तीमा पनि यो दुईवटा कुरालाई स्वीकार गरिदिनुहोस्। यो कालोबजारीलाई छुट दिने कुरा ठग नाफाखोरीलाई छुट दिने कुरा र राजस्व चुहावटलाई छुट दिने कुरा नगरौं यसले राष्ट्रको हित हुँदैन। जनताको हित हुँदैन। सरकारको पनि हित हुँदैन। मूल्य बढिरहेको छ बढिरहेको छ। हामीले त्यसलाई नियन्त्रण गर्न सकि रहेका छैनौं। त्यसमा कानुनी हिसाबले पनि रोक लगाउँदैनौं भने यसले झन् अप्ठ्यारो अवस्था सिर्जना गर्छ। अर्को तर्फ हामीले राजस्व उठाउनै सकेका छैनौं। भनेजति राजस्व उठ्न सकिरहेको छैन। त्यसमाथि अब राजस्व छुट राजस्व चुहावट गर्नेलाई पनि हामीले छुट दिएर जान्छौं। कानुन मै त्यस खालको छुट दिएर जान्छौं भने झन राजस्व उठ्ने अवस्था हुँदैन। यसै अर्थतन्त्र कमजोर बनेको छ। अर्थतन्त्र झन् बढी कमजोर हुने खतरा हुन्छ। त्यसकारणले कम्तीमा यति स्वीकार गरिदिनुहोस् भन्ने अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१५:४५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को संशोधन प्रस्ताव सहित विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका

सचिवालयका कर्मचारीहरूलाई २ मिनेट भित्र उपलब्ध गराइदिनु अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१५:४६ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को संशोधन प्रस्तावकर्ताले विषय राखीसक्नु भएको छ र मैले यसमा दुई तीनवटा कुरा म मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु। एउटा त हामीले स्वदेशी पुँजी लगानी गर्ने र रोजगारदाता र राज्यको demand पूरा गर्ने राष्ट्रिय पुँजीको विकास र प्रवर्द्धन गर्नको लागि हामीले कसरी वातावरण बनाउने भन्ने कुरालाई पनि हामीले अलिकति ध्यान दिनुपर्ने ठाउँमा छौं। एउटा, दोस्रो कुरा राज्यको ढुकुटी भनेको मूल स्रोत राजस्व हो। हामीले राजस्व चुहावटलाई कसरी रोक्न सक्छौ र करको दर होइन दायरालाई बढाउने र त्यसलाई व्यवस्थित गरेर हामी राज्य कोषको वृद्धि गर्न सक्छौ भन्ने कुरालाई पनि हामीले अलिकति focus गर्नु पर्छ भन्ने मलाई लाग्दछ। अर्को अब यो बजारले मूल्य निर्धारण गर्ने मोडेलको अहिले विकसित भइराखेको देखिन्छ। जस्तै सिन्डिकेट टाइपको सिमेन्ट उद्योगीहरूले मूल्य बढाइराख्या छन्। डण्डी उद्योगीहरूले मूल्य बढाइराख्या छन्। यतापट्टी ग्याँसको मूल्य बढिराख्या छ। खाद्य सामाग्रीहरू उपभोग दैनिक उपभोग्य मालवस्तुहरू पनि मूल्य बढिराख्या छ। अब त्यो खालको नाफा जति पनि खान पाउने भन्ने खालको स्थिति जुन अहिले त्यो पैदा भइराख्या छ र त्यसले राज्यको पनि एकातिर सरकारको पनि बदनाम भइराख्या छ। अर्को तिर उपभोक्ता एकदम महङ्गीको मारमा परि राख्या छन्। र धेरै ठगी राख्या छन्। र एक थरी बिचौलीया तत्वले राज्यको पुँजीको पनि र बजार पनि उसले नियन्त्रण गरेर जसरी मुनाफा अकुत मुनाफा कमाइ राख्या छ। यस्तो खालको प्रवृत्तिलाई हामीले कसरी निरुत्साहित गर्न सक्छौं? राज्यले त्यसप्रति अलिकति निर्ममतापूर्वक प्रक्रिया अगाडि बढाउनु पर्ने आवश्यकता छ। नत्र भने जनता बोल्न नसक्ने निरिह हुने अनि यस्ता छाडा प्रवृत्तिहरू राज्य व्यवस्था र जे सरकारप्रति पार्टीहरू प्रति असन्तुष्टि बढ्दै जाने र अनि यस्ता खालका जुन घटनाहरू घट्ने जो स्थिति देखियाँछ। यस प्रति राज्यको अथवा सरकारको गम्भीर ध्यान जान जरुरी छ भन्ने लाग्दछ। मैले यो विषयमा यति राख्छु। हवस् त नमस्ते।

(१५:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:४९ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न विधेयक यो प्रस्तुत भएको छ। पहिले पनि कुरा उठिराखेको छ। हामीले एउटा विधायन व्यवस्थापन ऐन पारित गरेका छौं र हामीले नै जोडदार तालिका साथ एक मतले यो पारित भएको हुनेबित्तिकै लागु हुनेछ भनेर भनेका छौं। कति वर्ष हुन्छ त्यो पारित भएको लागु हुने अध्यक्ष महोदय यसको जानकारी पाउन सकिन। हामी त्यसलाई हामीले यसलाई समेट्नु पर्छ कि पर्दैन। अर्को कुरा हामीले संविधानमै संसदले कानुन बनाउने अधिकार प्रत्यायोजित गरेका छौं सरकारलाई अध्यादेशको मार्फत। प्रत्यायोजित अधिकारलाई धेरै कानुनसँग संशोधन गरेर अधिकारको पनि दायरा आफू अनुकुल बनाइएको छ त्यो पनि गलत छ र हाम्रो माननीय अर्थमन्त्री ज्यूसँग उपप्रधानमन्त्रीज्यूसँग छलफल भएको थियो। नमिलेका विषयहरूलाई समेत सम्बोधन गर्नेछौं। मलाई त छलफल हुन्छ कि भन्ने आश थियो। अहिलेसम्म छलफल भएको छैन। त्यो पारित भइसके पछाडि हुन्छ होला। अरु यहाँ हामीले संशोधन प्रस्तावहरू राखेका छौं मैले यसलाई धेरै वाचन गर्न त्यति उपयुक्त छैन किनभने बहुमतले पास गर्छ हाम्रो संशोधन स्वतः अस्वीकृत हुन्छ। उसका लागि रेकर्डका लागि मात्रै त अब रेकर्डमा फेरि रेकर्ड होला फेरि जाला। यो पढ्नका लागि मात्रै किन पढ्ने? भन्ने जस्तो लाग्छ तर यसलाई विशेष गरेर राज्यले, सरकारले जसरी यहाँ आज यो सदन खोल्ने एउटा बाटो दियौं हामीले यही कुरा भनेका थियौं। यो ५ दिन नलगाएको भए अहिले छलफल गर्ने दिन पनि लम्बिन्थ्यो कि छलफल हुन्थ्यो हतार हुँदैन थियो कि? र पहिले नटेर्ने पछाडि अब काम गर्दाखेरि पनि त्यसलाई सकारात्मकै सुखद नै मान्नुपर्छ जस्तो लाग्छ। धन्न यो काम गऱ्यौं र अगाडि बढाउनका निमित्त सहयोग गरेको छ। धन्यवाद।

(१५:५२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य घनश्याम रिजाल।

(१५:५२ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि यो लगानी वातावरण लगानी सम्बन्धी वातावरण निर्माण गर्ने विधेयक भनेर हामी छलफल गरिरहेका छौं। यसमा धेरै माननीयज्यूहरूले कुरा राखिसक्नुभएको छ। मेरो पनि खास गरी दुईवटा कुरा अस्तिनै पनि

हामीले सैद्धान्तिक छलफल कै क्रममा पनि मैले कुरा उठाएको थिए। यो अध्यादेशका रूपमा जसरी आयो। अध्यादेशका रूपमा आइसकेपछि यसले बजारलाई अनियन्त्रित बनाएको छ। यसले नै बजारलाई यतिसम्म अनियन्त्रित बनाएको छ कि हामीले त्यसका माध्यमद्वारा मूल्य बढेको कारणले मूल्य वृद्धिका कारणले कतिपय राष्ट्रिय गौरवका आयोजनाहरू पनि त्यसले निर्माणमा प्रभावित भएका छन् भने ठेक्कापट्टा लागिसकेका सरकारद्वारा ठेक्कामा लगाइएका पूर्वाधारका क्षेत्रमा पनि त्यसले नकारात्मक असर गरेको छ। त्यस्ता योजनाहरू त्यो स्वयं निर्माणमा व्यवसायीहरूले त्यो गर्नै नसकिने भइयो त्यो योजना पूरै गर्न नसकिने भइयो भन्ने खालको आसयका कुराहरू आएका छन्। त्यो गम्भीर खालका असरहरू गरेका छन् भने कतिपय पर्यटन क्षेत्र नयाँ लगानीको वातावरण जुन बनाउनुपर्ने थियो लगानी बन्ने नसक्ने अवस्था भएको छ रड र छड के रे सिमेन्टमा बढेको मूल्यको कारणले र मैले पहिला पनि भने यो भूकम्प पीडितहरूले पनि आफ्ना आवास निर्माण गर्नका लागि पनि नसक्ने अवस्था यसले create गरेको छ एउटा। अर्को कुरा यसले बजार आर्थिक राजस्व नी उठाउने सम्बन्धनमा राजस्व असूली सम्बन्धमा भएको विधेयकको प्रावधान हटाएर यसले राजस्व छुटलाई प्रोत्साहन गरेको छ। अघि नै धेरै माननीयज्यूले भन्नु भो। पचास लाख सम्म यदि राजस्व छली भएको छ भने पनि त्यसलाई मिलापत्र गर्ने। त्यो बिगो हेरेर मिलापत्र गर्ने भन्ने प्रावधानलाई हटाएर जुन तीन करोडसम्मको प्रावधान यसले विधेयकले लिएर आयो। यसले राजस्व असुलीमा गम्भीर असर पर्नेछ किनभन्दा खेरी तीन करोडसम्म मैले फेरि दोहोऱ्याएँ। पहिला पनि यहाँ सैद्धान्तिक छलफलमा भनेको थिए। तीन करोडसम्म राजस्व छली भए ठुला व्यवसायीहरूले गर्ने हो। तीन करोड राजस्व छली भनेको ठुला व्यfवसायीहरूलाई target गरेको छ। र ठुला व्यवसायीहरूले यदि नकारात्मक सोंच राखेर राजस्व छली गर्न चाहने व्यवसायीहरूले यसलाई छल्न प्रयत्न गर्नेछन्। यदि कथम्कदाचित् सरकारले त्यो पकडी हाल्यो त्यसलाई पत्ता लगाई हाल्यो भने पनि दण्ड के रे त्यो हामीले त्यही जुन विगो मात्रै तिर्ने खालको जुन व्यवस्था छ। त्यसले मुद्दा नचल्ने जुन व्यवस्था छ यसले राजस्वमा असुलीमा गम्भीर असर पर्छ र यसले हामीलाई राम्रो गर्दैन् भन्दै यी दुईवटा लगायत सबै धेरै यस्ता विधेयकहरू छन्। यसकारणले गर्दा खेरी यो स्विकार्न सकिदैन। मैले पनि त्यहीँ भएर यसको संशोधन दर्ता गरेको हुँ। यहि कुरा ..... (समय सकिएको)

(१५:५५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल

ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:५६ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को दफावार छलफलमा माननीयज्यूहरूले अत्यन्तै ठोसपूर्ण तर्कपूर्ण विचार प्रस्तुत गर्नुभएको छ। त्यसको लागि म धन्यवाद भन्न चाहन्छु। स्वभावले केही विषयहरू यस सदनमा निरन्तर उठि नै रहेको छ। यो विषय खास गरी यो प्रतिस्थापन विधेयकको सैद्धान्तिक छलफलमा त्यो भन्दा अगाडि यो अध्यादेश प्रस्तुत हुँदा हुँदै त्यसलाई पारित गर्ने सन्दर्भमा पनि यी विषयहरू उठेका छन्। माननीयज्यूहरूले तर्क राख्नुभएको छ मैले आफ्नो तर्फबाट जवाफ दिने कोसिस गरेको छु। र छलफलबाट यी छलफलको क्रममा यहाँसम्म आइपुग्दा मैले के अनुभव गरेको छु भन्देखिन् हामीहरू वास्तवमा आ-आफ्नो तर्कमा दह्रो गरी नै उभिरहेको छ। माननीयज्यूहरू पनि उभिनु भएको छ। यो आफ्नो तर्क आफ्नो विश्लेषणमा उभिएर अगाडि बढ्ने यो तरिकालाई म राम्रो पनि मान्दछु अध्यक्ष महोदय। म दुई तीनवटा कुरालाई अलिकति पुर्नपुष्टि गरौं जस्तो लाग्यो मलाई। यो कालो बजारी ऐन, २०३२ जुन थियो। यो कालो बजारी ऐन, २०३२ पञ्चायत कालको ऐन हो। त्यसदेखि यता उपभोक्ताको हित संरक्षणसँग सम्बन्धी गर्ने धेरै ऐन र कानुनहरू बनाएका छौं र पछिल्लो चोटि हामीलाई उपभोक्ता अदालत समेत गठन गरेका छौं। उपभोक्ता अदालत गठन भएर त्यो कार्यान्वयनमा समेत आएको छ। त्यसले गर्दा खेरी असान्दर्भिक प्रसङ्गहरू हो भनेर हामीले यसलाई हटाउन खोजिएको हो। यसमा अरु कुनै अन्यथा अर्थ पनि छैन। यसले unlimit मुनाफाका निम्ति ढोका खोलिदियो भन्ने पनि होइन। र अधि खासगरी उपभोक्ताहरू victim भए उनीहरूको संरक्षण हुन सकेन भन्ने कुरा पनि होइन। यसलाई म आफ्नो त्यही तर्कलाई फेरि दोऱ्याउन चाहन्छु। जहाँसम्म यो तीन करोडको राजस्व को सन्दर्भ छ। यसमा म एउटा चिजसँग अलिकति म थोरै स्पष्ट के गरौं भने देखिन् पहिला ५० लाख थियो अहिले ३ करोड गरियो। ५० लाख ठिक थियो त त्यसो भए? ५० लाखसम्म छुट दिन मिल्ने भन्ने अर्थमा बुझ्ने हो भने देखिन् त ५० लाख सम्म छुट दिने त के ५० लाखसम्म ठग्न दिने। त्यसपछि तीन करोड भएपछि ठग्न नदिने भन्ने अर्थमा हो त यो? त्यस्तो कुरा होइन। कुरा के हो भने त

देखिन् त्यो यकिन जस्तो राजस्व छली भएको यकिन भएपछि राजस्व छली भयो। यकिन भयो। कर कार्यालयले निजबाट यति रकम राजस्व छली गरियो भन्ने कुरा यकिन गऱ्यो। अध्ययन गऱ्यो, विश्लेषण गऱ्यो। त्यसपछि सारा सत्यतथ्याङ्कहरू राखेर विश्लेषण गऱ्यो। यकिन भइसकेपछि हिजो के थियो त भन्दा ५० लाख सम्म हुँदाखेरी उसले त्यो ठहर भएको राजस्व भुक्तानी गरेर उसले मिलापत्र गर्न पाउँथ्यो। अब अहिले तीन करोडसम्म ठहर भएको राजस्व भुक्तानी गरेर मिलापत्र गर्न पाउँछ। यहाँ राजस्व छलीको प्रश्न कहाँ छ? छलीको त प्रश्न नै छैन। छली गरेको राजस्व कुन सीमासम्म उसले बुझाएको खण्डमा मिलापत्र गर्न दिने भन्ने सन्दर्भ मात्रै यसमा हो। त्यसमा logic मा यो गरियो र यसले राजस्व सङ्कलनमा प्रतिकूल प्रभाव पर्ने होइन बरु राजस्व सङ्कलनमा अनुकूल प्रभाव के पर्छ भन्देखिन् मुद्दामा गएपछि त कहिले उठ्ने हो। कहिले फैसला हुने हो। टुङ्गो हुँदैन। जब मिलापत्रमा हुँदा खेरी तुरुन्त उठ्ने त्यो राजस्व जम्मा गरेर मिलापत्र गर्ने स्थितिमा छन्। यसबाट राजस्व छली हुने होइन। म यो अनुरोध गर्न चाहन्छु। यस बाहेक माननीयज्यूहरूले एउटा प्रसङ्ग यो भन्नुभाछ वास्तवमा कि मन्त्रीले हिजो मान्छु हुन्छ भन्याथ्यो भन्ने कोणबाट पनि कुरा राख्नुभाछ। यस विषयमा म माननीय गोपी आछामीज्यूले राख्नुभएको त्यो सच्चाइलाई recall गर्न चाहन्छु। स्मरण गर्न चाहन्छु। उहाँले मैले के भनेको थिए भन्ने कुरो अघि यहाँ यो भन्दा अघिल्लो सन्दर्भमा छलफल गर्ने क्रममा राख्नुभाछ। संशोधन राख्नुस्। म open mind का साथ छलफल गर्छु भनेर मन्त्रीले भनेर भन्याहो भनेर स्वयं गोपी माननीयज्यूले राख्नुभाछ। त्यसकारणले उहाँले भनेको कुरा कम्तीमा मैले भनेको कुरा पत्याउन गाह्रो पर्छ भने पनि मैले के भनेको थिए भनेर माननीय गोपी आछामीज्यूले जे कुरा राख्दिनुभएको छ। त्यसलाई हामी सबैले पत्यायौं भनेर भन्न चाहन्छु। यति भनेर माननीयज्यूले राख्नुभएको जिज्ञासाको सन्दर्भमा म आफ्नो प्रत्युत्तरलाई यहीं टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१६:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१६:०१ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, अब यस विधेयकमा आएका आपतिजनक बुँदाहरूको बारेमा मैले पहिले पनि प्रस्तुत गरिसकेँ। त्यसको उपयुक्त जवाफ यहाँ आउन सकेन मन्त्रीज्यूबाट। अब हामीले व्यवहारमा देखिसकेका छौं आज कुलमान घिसिङले उद्योगी व्यवसायीहरूले नतिरेको लाखौं करोडौं रकम असुल्नुपर्छ भन्दा त्यही अपराधमा उनी कारबाहीमा परेको छ। निकालिए हटाइए। त्यो उठाउँदाखेरि राज्यलाई घाटा त हुँदै न थियो। राजस्व नै बढ्थ्यो। अब यहाँ उहाँले के तयार गर्नुभयो भने अब तीन करोड राजस्व छली गऱ्यो भने त्यो मिलापत्र गरेपछि ठ्याक्कै नगद आउँछ भन्ने कुराहरू। अब त्यो निर्णय गर्ने जिम्मा मिलापत्र गराउने जिम्मा सरकारी वकीललाई दिइएको छ। अब तीन करोड राजस्व छ मिलापत्र गरेर राजस्व असुल हुने नगरे नहुने हो मुद्दा चलाएछि? यो तर्कसंगत मलाई लाग्दैन। त्यसैले अब यहाँ त के भयो भन्दाखेरि उही नेपाली उखान "कति छेक्नु कति रोक्नु बार लागेको गाई" अब त्यस्तै भइराख्याछ। बारमा राखेको गाईलाई कताबाट छेक्ने कताबाट रोक्ने। अब त्यो फुत्किहाल्छ। त्यस्तै भइराख्या छ। हामीले प्रश्न उठाउँछौं। सत्ता पक्षले त्यसलाई सुन्दैन। सुन्न त सुन्छ। सुन्दै जाने हो हाम्रो काम। अब त्यो गर्दै जाने हो भन्ने छ। त्यसैले यसमा मेरो बिमती छ। र मैले आफ्नो प्रस्ताव फिर्ता लिन चाहन्न र मेरो प्रस्ताव दर्ज होस।

(१६:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीयसदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१६:०५ बजे) माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले हाम्रो देशलाई समाजवाद उन्मुख भनेको छ। हामी हाम्रो देशलाई समाजवाद तिर लैजान चाहन्छौं। देशले समाजवादमा पुग्नको निमित्त अथवा देशका जनताले समाजवादमा पुग्नको निमित आर्थिक उन्नति गर्नैपर्ने हुन्छ। आर्थिक उन्नति गर्नको निमित्त जो मान्छेसँग आर्थिक छैन गरिबी छ अभाव छ। त्यो अभाव र अभावलाई निरुत्साहित गरेर पुँजीको विकास गर्ने हो। तर यहाँ पुँजीको विकास गर्नुको निमित्त साना व्यापारीहरूलाई जनतालाई होइन यहाँ त दलाल पुँजीलाई प्राथमिकता दिइएको छ। तिन करोडसम्मको छुली। सामाननीय जनताले गर्न सक्दैन, साना उद्यमीले गर्न सक्दैन। यसो हुँदाखेरि यो विधेयकले दलाल पुँजीलाई प्राथमिकता दिएको छ र साना उद्यमी र राष्ट्रिय पुँजीलाई वेवास्ता गरेको छ। समाजवाद निर्माणको निमित्त राष्ट्रिय पुँजीलाई प्राथमिकता दिनुपर्ने हो। र साना उद्यमीलाई प्राथमिकता दिनुपर्ने हो। यसको ठिक विपरीत यो विधेयक आएको छ। त्यसैले यो विधेयकलाई मैले यो संशोधनलाई फिर्ता लिन सक्दिन म यहीँ जानकारी गराउन चाहन्छु। धन्यवाद।

(१६:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१६:०८ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूको उत्तर चित्त बुझ्दो आएन। पहिलो कुरा त कालो बजारी ऐनको जुन २० प्रतिशतभन्दा बढी नाफा लिएको खण्डमा सजाय कैद र जरिवाना दुई खालको हुन्छ भन्ने प्रस्ताव त्यो व्यवस्थालाई हटाउने जुन कुरा आएको छ त्यसमा उपभोक्ता संरक्षण ऐन बनेको छ उपभोक्ता अदालत बनाएको छ। त्यहाँबाट काम हुन्छ भन्ने मन्त्रीको जुन तर्क छ। यो तर्क उहाँले पहिला हामी सैद्धान्तिक छलफल गर्दा पनि गर्नु भएको हुनाले मैले त्यसपछि उपभोक्ता संरक्षण ऐन सम्पूर्ण हेरें। त्यहाँ कुनै पनि दफामा निश्चित प्रतिशत यति

प्रतिशत भन्दा बढी नाफा लिन पाउन्न व्यापारीले भन्ने कुरा छैन। त्यसकारण यो तर्क जुन गरिरहनु भएको छ यो तर्क सही होइन। पहिलो कुरा त्यसकारणले यस्तो खालको तर्क गरेर गलत ऐन बनाउने कुरा नगरौं भन्ने मेरो अनुरोध हो। दोस्रो राजस्व चुहावट सम्बन्धी जानाजानी बदनियतपूर्ण राजस्व चुहावट गर्नेलाई राजस्व चुहावट सम्वन्धी ऐनअन्तर्गत मुद्दा चलाउने भन्ने सन्दर्भको मैले उठाको प्रश्नमा त उहाँले जवाफ पनि दिनुभएन। त्यसले गर्दा खेरी यो तरिकाले हामीले राखेको संशोधन फिर्ता लिन सक्ने कुरै भएन। मन्त्रीज्यूले किन यसो गरिरहनु भाछ मलाई अलि आश्चर्य लागिरहेको छ। त्यो कालोबजारीलाई छुट दिने राजस्व चुहावटलाई छुट दिने खालको कानुन किन बनाउनु परेको छ? पूरानो भएको कानुनलाई संशोधन गर्ने पनि अहिलेको परिस्थिति अनुसारको संशोधन गरेर राखे हुन्छ र त्यस्ता खालका प्रावधानहरूलाई हटाएर खुला गर्ने कुरा राम्रो होइन। यसले जनताको हित गरेको छैन गर्दैन। यसले राष्ट्रको हित गरेको छैन गर्दैन त्यसले गर्दाखेरि यो जनताको हित नहुने राष्ट्रको हित नहुने काम नगरौं भन्ने अनुरोध गर्न चाहन्छु र मेरो संशोधन प्रस्ताव म सहितका हामीले संसदमा राखेको संशोधन प्रस्ताव फिर्ता नहुने जानकारी गराउँछु। धन्यवाद।

(१६:१० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य डा. बेदुराम भुसालले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेश गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीयसदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीयसदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीयसदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट

माननीय सदस्य डा. बेदुराम भुसालले राख्नु भएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि १३ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीयसदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीयसदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि १३ सम्मका दफाहरू बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" को अंग बनेको घोषणा गर्दछु।माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछुः-

<u>प्रस्तावनाः</u> आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।"

माननीय सदस्यहरू, अब "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीयसदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीयसदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलको तर्फबाट माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु।

(१६:१४ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल</u>:- सम्मानननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीयसदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीयसदस्यहरूले “हुन्न” भन्नुहोस्।

-“हुन्न”

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस्” भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल चैत २५ गते सोमबार अपराह्न १ बजेर १५ मा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल चैत २५ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १६:१६ बजे।**